CC-0. In Public Domain. Digitization by eGangotri

विद्यारण्यमुनिकृत

पञ्चदशी

तत्त्वविवेकप्रकरण

संस्कृत तथा नेपाली व्याख्या भएको

विस्तृत–नेपाली भूमिकासहित

व्याख्याकार

सुमोदवर्धन कौण्डिन्यायन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यारण्यमुनिकृता

पञ्चदशी

तत्त्वविवेकप्रकरणात्मिका

संस्कृतव्याख्यया नैपालीयभाषाव्याख्यया च सहिता

नैपालीयभाषानिबद्धया विस्तृतभूमिकया युता च

व्याख्याकारः

सुमोदवर्धनः कौण्डिन्न्यायनः

ब्रह्ममीमांसाचार्यः (शाङ्करवेदान्ताचार्यः)

विद्यार्थी पुस्तक भण्डार

प्रकाशक तथा वितरक

भोटाहिटी, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक— पञ्चदशी, तत्त्वविवेकप्रकरण

व्याख्याकार— सुमोदवर्धन कौण्डिन्न्यायन

प्रकाशक— विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं
☎ ४२२७२४६, ४२४५८३४

Emil : vidyarthi_pub@yahoo.com

Web : www.vpb.com.np

संस्करण— प्रथम, २०७०

मूल्य— १५०।–

ISBN : 978-99946-1-745-6

मुद्रक— स्काई मिडिया एण्ड प्रिन्टर्स

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयानुक्रमणिका

विषया: | *पृष्ठाङ्का:*

भूमिका १–५२

१. दर्शनशास्त्रको परिचय ९

२. प्रमुख भारतवर्षीय दर्शनहरूको परिचय ९

२.१. चार्वाकदर्शन १०

२.२. जैनदर्शन ११

२.३. बौद्धदर्शन १२

२.४. वैशेषिकदर्शन १३

२.५. तार्किकदर्शन (न्यायदर्शन) १४

२.६. साङ्ख्यदर्शन १५

२.७. योगदर्शन १६

२.८. (पूर्व)मीमांसादर्शन (धर्ममीमांसादर्शन) १६

३. वेदान्तदर्शनको परिचय १८

४. वेदान्तदर्शनका व्याख्याका सम्प्रदायहरू १९

४.१. भास्करभट्टको भेदाभेदमत १९

४.२. रामानुजको विशिष्टाद्वैतमत २०

४.३. निम्बार्कको द्वैताद्वैतमत २०

४.४. मध्वको द्वैतमत २०

४.५. वल्लभको शुद्धाद्वैतमत २१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. अद्वैत-वेदान्तदर्शनका व्याख्याको विकासक्रम २१

६. अद्वैत-वेदान्तदर्शनका कतिपय प्रमुख विषय २३

६.१. आत्मा (जीवात्मा) २३

६.२. ईश्वर २४

६.३. ब्रह्म २४

६.४. माया तथा अविद्या २५

६.५. अध्यास २६

६.६. जगत् (प्रपञ्च) २६

६.७. बन्ध २६

६.८. विद्या २७

६.९. मोक्ष (मुक्ति) २७

६.१०. मोक्षको साधन २८

६.११. आत्मज्ञानका साधन २९

६.१२. आत्मज्ञानका (ब्रह्मज्ञानका) अधिकारी ३०

७. वेदान्तदर्शनका कतिपय वाद एवम् सिद्धान्तहरू ३१

७.१. भामतीप्रस्थान र विवरणप्रस्थान ३१

७.२. प्रतिबिम्बवाद ३२

७.३. अवच्छेदवाद ३३

७.४. आभासवाद ३३

७.५. अजातवाद ३४

७.६. एकजीववाद ३४

७.७. अनेकजीववाद ३५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.८. दृष्टिसृष्टिवाद ३५
७.९. सृष्टिदृष्टिवाद ३६
७.१०. परिणामवाद र विवर्तवाद ३६
७.११. ख्यातिवाद ३७
७.१२. त्रिविध सत्ता ३८

८. वेदान्तदर्शनमा स्वीकृत प्रमाणहरू ३८

८.१. प्रत्यक्ष ३९
८.२. अनुमान ४०
८.३. उपमान ४१
८.४. शब्द (आगम) ४१
८.५. अर्थापत्ति ४३
८.६. अनुपलब्धि ४४

९. प्रमाहरूको प्रामाण्य ४४

१०. पञ्चदशीको परिचय ४५

११. विद्यारण्यमुनिको परिचय ५०

१२. प्रस्तुत व्याख्याको विशेषता ५१

तत्त्वविवेकप्रकरणमूलपाठः ५३-५८

पञ्चदश्यास्तत्त्वविवेकप्रकरणम् ५९–११४

विषयाः *श्लोकाङ्काः*

१. मङ्गलपाठः १
२. ग्रन्थारम्भप्रयोजनम् २

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. जाग्रद्दशाया निदर्शनेन संविदो एकरूपत्वस्य प्रतिपादनम् ३
४. स्वप्नावस्थाया निदर्शनेन संविदो एकरूपत्वस्य प्रतिपादनम्................. ४
५. सुषुप्तावस्थाया निदर्शनेन संविदो एकरूपत्वस्य प्रतिपादनम्................. ५
६. संविदः सदैकत्वम्.. ६-७
७. संविद आत्मत्वम्.. ८-९
८. जीव-ब्रह्मणोः सदृशत्वं तयोः श्रुत्युक्तमैक्यं च १०
९. आत्मनः परमानन्दताया भानाऽभानयोरुपपत्तिः ११
१०. आत्मनः परमानन्दतायाः प्रतीतौ सदृष्टान्तः प्रतिबन्धः....................... १२
११. प्रतिबन्धस्य लक्षणम् १३
१२. पुत्राध्ययनशब्दाऽभाने आत्मानन्दाऽभाने च प्रतिबन्धरूपं कारणम्......... १४
१३. प्रकृतिः, तस्या द्विविधता च १५
१४. द्विविधायाः प्रकृतेर् नामनी ईश्वरस्वरूपं च.................................. १६
१५. जीवस्य स्वरूपम् अनेकत्वं प्राज्ञभावश्च १७
१६. पञ्चमहाभूतोत्पत्तिः... १८
१७. ज्ञानेन्द्रियोत्पत्तिः १९
१८. अन्तःकरणस्योत्पत्तिस् तस्य द्विविधत्वं च..................................... २०
१९. कर्मेन्द्रियाणामुत्पत्तिः तेषां नामानि च २१
२०. प्राणस्योत्पत्तिस् तद्भेदाश्च २२
२१. लिङ्गशरीरस्वरूपम्.. २३
२२. प्राज्ञस्य तैजसत्वप्राप्तिः, ईश्वरस्य हिरण्यगर्भत्वप्राप्तिः,
तयोर् व्यष्टित्वं समष्टित्वं च.. २४
२३. ईश्वरस्य समष्टित्वं जीवस्य व्यष्टित्वम्...................................... २५
२४. पञ्चीकरणम् २६
२५. पञ्चीकरणप्रकारः २७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२६. ब्रह्माण्डोत्पत्तिः, हिरण्यगर्भस्य वैश्वानरत्वप्राप्तिश्च २८
२७. तैजसस्य विश्वत्वप्राप्तिर् विश्वानां स्वभावश्च २९
२८. तत्त्वज्ञानरहितानां जीवानां संसारे भ्रमणं सुखाऽप्राप्तिश्च........................३०
२९. आचार्योपदेशलब्ध-पञ्चकोशविवेकफलम् ३१-३२
३०. पञ्च कोशास् तेषां कार्यं च ३३
३१. अन्नमय-प्राणमयकोशपरिचयः ३४
३२. मनोमय-विज्ञानमयकोशपरिचयः ३५
३३. आनन्दमयकोशपरिचयः कोशानां प्रभावश्च........................३६
३४. पञ्चकोशविवेकस्योपायस् तस्य फलं च........................ ३७
३५. अन्नमयकोशविवेकप्रदर्शनम्........................ ३८
३६. प्राणमय-मनोमय-विज्ञानमयकोशविवेकप्रदर्शनम्........................ ३९-४०
३७. आनन्दमयकोशविवेकप्रदर्शनम्........................ ४१
३८. पञ्चभ्यः कोशेभ्यो विविक्तस्याऽऽत्मनो ब्रह्मत्वम्........................ ४२
३९. तत्त्वमस्यादिवाक्यैर् जीवात्म-परमात्मनोरैक्यस्य बोधनम् ४३
४०. तत्त्वमसीति वाक्ये तत्-पदस्याऽर्थः ४४
४१. तत्त्वमसीति वाक्ये त्वम्-पदस्याऽर्थः........................ ४५
४२. तत्त्वमसीति-वाक्यस्य लक्ष्योऽर्थः (जीव-ब्रह्मणोरैक्यम्)........................ ४६
४३. तत्त्वमसीति वाक्ये भागत्यागलक्षणयाऽर्थस्य बोधस्य
सदृष्टान्तं प्रदर्शनम्........................ ४७-४८
४४. महावाक्यस्य लक्षकत्वे दोषस्याऽऽशङ्का........................ ४९
४५. महावाक्यस्य लक्षकत्वे दोषाऽभावः........................५०-५२
४६. श्रवण-स्वरूपं मनन-स्वरूपं च ५३
४७. निदिध्यासन-स्वरूपम्........................ ५४
४८. समाधि-स्वरूपम् ५५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४९. समाधौ वृत्तीनां स्थितेः प्रतिपादनम् ५६
५०. समाधौ वृत्त्यनुवृत्तेः कारणम् ५७
५१. समाधेः शास्त्रसिद्धत्वम् ५८
५२. समाधेरवान्तरफलम् ५९-६०
५३. समाधिफलम् ६१-६२
५४. परोक्ष-ब्रह्मज्ञानफलम् ६३
५५. अपरोक्ष-ब्रह्मज्ञानफलम् ६४
५६. तत्त्वविवेकफलप्रतिपादनेन प्रकरणोपसंहारः ६५

परिशिष्टानि .... ११५—१२८

१. पञ्चदश्यास्तत्त्वविवेकप्रकरणस्य श्लोकार्धकानुक्रमणिका ११५
२. व्याख्याने उद्धृतानां ग्रन्थान्तर-वाक्यानामनुक्रमणिका ११८
३. आधारग्रन्थाः सन्दर्भग्रन्थाश्च १२०
४. अकारादि-विषयानुक्रमणिका १२३
५. सङ्क्षेपानुक्रमणिका १२८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

१. दर्शनशास्त्रको परिचय

"दृश्यते=ज्ञायते तत्त्वमनेन इति" (देखिन्छ=जानिन्छ तत्त्व यसद्वारा) यस अर्थमा दृश् धातुमा करण अर्थमा ल्युट् प्रत्यय जोडेर (दृश्+ल्युट् [अन]= दर्श्+अन) दर्शनशब्दको व्युत्पत्ति गरिन्छ। यसको सामान्य अर्थ ज्ञान भन्ने बुझिन्छ तापनि दर्शनशास्त्रमा आएको दर्शनशब्दले भने द्रष्टा, दृश्य र तिनको सम्बन्धको निश्चयात्मक ज्ञान भन्ने अर्थ बुझाउँछ। दर्शनशास्त्रले मूलतः आत्मा, मन, इन्द्रिय, शरीर, जन्म, जीवन, मृत्यु, पुनर्जन्म, जगत्, दुःख, दुःखकारण, दुःखमुक्ति, दुःखमुक्तिको उपाय, ईश्वर, ब्रह्म इत्यादि विषयको निश्चयात्मक ज्ञान गराउँछ।[1]

दर्शनशास्त्रको उत्पत्ति कसरी र कहिले भयो भन्ने विचार गर्दा जब मनुष्यले सांसारिक दुःखबाट आहत भएर त्यस दुःखबाट मुक्तिका विषयमा विचार गर्न सुरु गऱ्यो र त्यस विषयको ज्ञान प्राप्त गऱ्यो त्यसै वेला नै दर्शनशास्त्रको उत्पत्ति भएको मान्न सकिन्छ। प्राच्य परम्परामा त अनादि र अपौरुषेय वेदबाट नै उक्त ज्ञान प्राप्त गरेको हुँदा दर्शनशास्त्रको अस्तित्व पनि अनादि नै मान्नुपर्ने हुन्छ।

दर्शनशास्त्रको मुख्य प्रयोजन सांसारिक जन्म-मृत्युरूपी दुःखको चक्रबाट सदाका लागि मुक्त हुनका लागि आवश्यक आत्मज्ञानको बाटो देखाउनु नै हो।

२. प्रमुख भारतवर्षीय दर्शनहरूको परिचय

भारतीय उपमहाद्वीपका विभिन्न मतहरूलाई भारतीय दर्शन (Indian Philosophy) भन्ने चलन छ। भारतवर्षीय दर्शन भन्नु उपयुक्त हुन्छ।

भारतवर्षीय दर्शनहरूमा आ-आफ्नो मतस्थापनाका लागि परमतको खण्डन गर्ने परम्परा भएको हुनाले कुनै पनि दर्शनको ज्ञानका लागि प्रायः सबै दर्शनको सामान्य परिचय वा ज्ञान हुनु आवश्यक हुन्छ। अतः यहाँ अतिसंक्षेपमा भारतवर्षीय प्रमुख दर्शनहरूको परिचय उपस्थापित गर्ने प्रयास गरिएको छ।

भारतवर्षीय दर्शनहरूलाई मुख्य रूपमा आस्तिक र नास्तिक गरी दुइ भागमा वर्गीकृत गर्ने प्रचलन रहेको छ। वेदलाई प्रमाणका रूपमा मान्ने दर्शनलाई आस्तिक

---

१. द्रष्टव्य– ब्रह्ममीमांसासूत्र-कौण्डिन्न्यायनवृत्ति, प्रस्ताविका, पृ.१९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र वेदको खण्डन गर्ने वा मान्यता नदिने दर्शन नास्तिक दर्शन भनिन्छ। आस्तिक दर्शनहरूमा प्रमुख छ दर्शन मानिएका छन्– १. वैशेषिक, २. न्याय (तार्किक), ३. साङ्ख्य, ४. योग, ५. (पूर्व)मीमांसा र ६. वेदान्त। त्यसै गरी नास्तिक दर्शनका पनि १. चार्वाक, २. जैन तथा ३. बौद्धका चार भेद (क) माध्यमिक, (ख) योगाचार, (ग) सौत्रान्तिक र (घ) वैभाषिक गरी छवटै भेद मान्ने गरिएको छ।

प्राच्यपरम्परामा विभिन्न दर्शनहरूले आ-आफ्नै तर्कका आधारमा प्रमाणका विषयमा विचार गरेका छन्। त्यसमा **चार्वाक**हरू प्रत्यक्ष **एउटा** मात्र प्रमाण मान्दछन् भने **बौद्ध, जैन** र **वैशेषिक** दर्शनले प्रत्यक्ष र अनुमान **दुइवटा** प्रमाण मानेका छन्। त्यस्तै **साङ्ख्य** दर्शनमा प्रत्यक्ष, अनुमान र उपमान **तीन** प्रमाण मान्य छन् भने **न्याय**का (तार्किकका) मतमा प्रत्यक्ष, अनुमान, उपमान र शब्द (आगम) गरी **चार** प्रमाण स्वीकृत छन्। **प्रभाकर**का अनुयायी **मीमांसक**हरू प्रत्यक्ष, अनुमान, उपमान, शब्द र अर्थापत्ति गरी **पाँच** प्रमाण मान्दछन् भने **भाट्ट मीमांसक**हरू तथा **वेदान्ती**हरू प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति र अनुपलब्धि (अभाव) गरी **छ** प्रमाण स्वीकार गर्दछन्।[1]

२.१. चार्वाकदर्शन

नास्तिक दर्शनहरूमध्ये चार्वाकदर्शन सबैभन्दा पुरानो देखिन्छ। 'चारु वाक्' अर्थात् मिठो वाणी भन्ने अर्थमा चार्वाकशब्दको प्रयोग भएको मानिन्छ। यस दर्शनको सङ्केत उपनिषद्मा नै पाइने[2] हुनाले यिनीहरूको इतिहास वेदान्तदर्शन-जस्तै अनादि नै मान्नुपर्ने हुन्छ। यस मतका प्रवर्तक देवगुरु बृहस्पति मानिन्छन्। उनले असुरहरूमा यस मतको प्रचार गरेको र उनीहरूलाई नास्तिक बनाई कमजोर पारेको भन्ने प्रसिद्धि रहेको छ।

---

१. चार्वाकास्तावदेकं द्वितयमपि पुनर्बौद्ध-वैशेषिकौ द्वौ,
भासर्वज्ञश्च साङ्ख्यास्त्रितयमुदयनाद्याश्चतुष्कं वदन्ति।
प्राहुः प्राभाकराः पञ्चकमपि च वयं तेऽपि वेदान्तविज्ञाः,
षट्कम्, पौराणिकास्त्वष्टकमभिदधिरे सम्भवैतिह्ययोगात्॥–मानमेयोदय, पृ.१०–११।

२. ...विरोचनोऽसुराञ्जगाम तेभ्यो हैतामुपनिषदं प्रोवाचाऽऽत्मैवेह महय्य आत्मा परिचर्य आत्मानमेवेह महयन्नात्मानं परिचरन्नुभौ लोकाववाप्नोतीमं चाऽमुं चेति॥ तस्मादप्यद्येहा-ददानमश्रद्दधानमयजमानमाहुरसुरो बतेत्यसुराणां ह्येषोपनिषत् प्रेतस्य शरीरं भिक्षया वसनेनालङ्कारेणेति संस्कुर्वन्ति ...।–छान्दोग्योपनिषद् ८।८।४–५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चार्वाकदर्शनको मुख्य सिद्धान्त "यावज् जीवेत् सुखं जीवेदृणं कृत्वा घृतं पिबेत्। भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः" अर्थात् जतिञ्जेल बाचिन्छ सुखैसित बाच्नु पर्छ, ऋण गरेर भए पनि घिउ नै पिउनु पर्छ; (मरेपछि) खरानी भएको शरीर फेरि कहाँबाट आउँछ? भन्ने रहेको छ। त्यसैले यिनीहरू शरीरभन्दा भिन्न आत्माको अस्तित्व छैन, चेतनायुक्त शरीर नै आत्मा हो, शरीर नष्ट भएपछि आत्मा रहँदैन, यसै लोकमा प्राप्त हुने सुख नै स्वर्ग हो, दुःख नै नरक हो, सुखभोग नै पुरुषार्थ हो, राजा नै ईश्वर हो, मृत्यु नै मुक्ति हो भन्दछन्[1]। चार्वाकका मतमा जगत्को उत्पत्ति, स्थिति, लय स्वाभाविक हो ईश्वरकृत हैन। यिनीहरू पृथ्वी, जल, तेज र वायु चार तत्त्व मात्र मान्दछन्। यिनै चार तत्त्वबाट देह बन्दछ र मद्यमा मदशक्तिजस्तै शरीरमा पनि चैतन्यशक्ति उत्पन्न हुन्छ, त्यस अतिरिक्त आत्माको अस्तित्व छैन भन्ने यिनीहरूको भनाइ छ। यिनीहरू प्रत्यक्षलाई मात्र प्रमाण मान्दछन्।

२.२. जैनदर्शन

जैनमतको विकास पनि अत्यन्तै प्राचीन कालमा भएको मानिन्छ। जैनमतलाई आर्हतमत पनि भन्ने चलन छ। जैनमतमा २४ तीर्थङ्कर (शास्त्रकार) प्रसिद्ध छन्। तिनमा प्रथम तीर्थङ्कर पुराणप्रसिद्ध ऋषभदेव मानिन्छन् भने अन्तिम अर्थात् २४ औं तीर्थङ्कर वर्धमान महावीर (जिन) हुन् र उनैले विशेष रूपमा प्रचार गरेको दर्शनलाई जैन दर्शन भन्ने गरिन्छ।[2] महावीरको समय लगभग २६०० वर्षपूर्व (इ.पू. ५९९) मानिएको छ[3]।

जैनदर्शनमा पनि ईश्वरको कुनै अस्तित्व छैन। यस दर्शनमा द्रष्टा जीव चेतन र स्थायी मानिएको छ, यो मध्यमपरिमाणवाला अर्थात् हात्ती इत्यादि ठूला शरीरमा रहँदा ठुलो र कीरा, कमिला इत्यादि साना शरीरमा रहँदा सानो नै हुनेवाला मानिन्छ। जैनदर्शनमा प्रत्यक्ष र अनुमान दुइ प्रमाण स्वीकृत छन्।

जैनदर्शनले जीव र अजीव गरी दुइ तत्त्व मानेको छ। प्रकारान्तरले सात तत्त्व मानेको छ– जीव, अजीव, आस्रव, संवर, निर्जर, बन्ध र मोक्ष। जैनदर्शनमा

---

१. देहस्य नाशो मुक्तिस्तु न ज्ञानान् मुक्तिरिष्यते।
—सर्वदर्शनसङ्ग्रह, चार्वाकदर्शनप्रकरण, श्लो.५, पृ.९।

२. द्रष्टव्य– ब्रह्ममीमांसासूत्र-कौण्डिन्न्यायनवृत्ति, प्रस्ताविका, पृ.२०।

३. द्रष्टव्य– भारतीय दर्शन, उमेश मिश्र, जैनदर्शनप्रकरण, पृ.९९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि वस्तुको विषयमा सप्तभङ्गीनयको प्रयोग गरिन्छ– (१) स्यादस्ति (कथञ्चित् छ), (२) स्यान्नास्ति, (३) स्यादस्ति च नास्ति च, (४) स्यादवक्तव्यः, (५) स्यादस्ति चाऽवक्तव्यश्च, (६)स्यान्नास्ति चाऽवक्तव्यश्च, (७)स्यादस्ति च नास्ति चाऽवक्तव्यश्च। यसैका आधारमा जैन मतलाई स्याद्वाद र अनैकान्तवाद पनि भन्ने गरिन्छ। जैनदर्शनले सबै वस्तु सापेक्ष हुने हुँदा निरपेक्ष रूपमा व्यवहार गर्न मिल्दैन भन्ने मान्दछ। जस्तै घटलाई घटको अपेक्षामा छ भन्न सकिन्छ भने पटको अपेक्षामा छैन भन्न सकिन्छ; त्यसै गरी यो देशमा छ, अर्को देशमा छैन; यो कालमा छ अर्को कालमा छैन। त्यसैले कुनै पनि वस्तुका विषयमा ऐकान्तिक (निश्चयात्मक) व्यवहार उपयुक्त नहुने हुनाले स्यात् (कथञ्चित्) भन्ने शब्दको प्रयोग गर्नुपर्छ भन्ने जैनदर्शनको मान्यता देखिन्छ[1]।

मिथ्यादर्शन इत्यादि बन्धको कारणको निरोध भएपछि मनुष्यलाई मुक्ति प्राप्त हुन्छ भन्ने जैनदर्शनको मान्यता देखिन्छ। देहको विनाश भएपछि लोकको अन्त्य नभएसम्म निरन्तर माथि जानु नै मोक्ष हो भन्ने यस दर्शनको सिद्धान्त छ[2]।

२.३. बौद्धदर्शन

बौद्धमतमा पनि प्राचीन अनेक ध्यानिबुद्ध, बोधिसत्त्व एवं मानुषबुद्ध स्वीकार गरिन्छन्। मानुषबुद्धमा अन्तिम बुद्ध शुद्धोदनका छोरा शाक्यसिंह हुन्। उनी आजभन्दा २५०० वर्ष जति अगि लुम्बिनीमा जन्मेका मानिन्छन्। उनैद्वारा उपदिष्ट सिद्धान्तलाई बौद्धदर्शन भन्ने गरिन्छ।

प्रारम्भमा बौद्ध मत एउटै भए पनि पछि यसमा अनेक सम्प्रदायको विकास भएको पाइन्छ। ती सम्प्रदायहरूलाई दुइ भागमा विभक्त गर्ने गरिएको छ– महायान (महासाङ्घिक) र हीनयान (स्थविरवाद/थेरवाद)। महायानमा र हीनयानमा अनेक सम्प्रदायको विकास भए पनि महायानका माध्यमिक र योगाचार तथा हीनयानका सौत्रान्तिक र वैभाषिक गरी बौद्धसम्प्रदाय प्रमुख चार मानिएका छन्।

---

१. अपर्ययं वस्तु समस्यमानमद्रव्यमेतच्च विविच्यमानम्।
आदेशभेदोदितसप्तभङ्गमदीदृशस्त्वं बुधरूपवेद्यम्॥
—अन्ययोगव्यवच्छेदद्वात्रिंशिका, श्लो.२३।

२. बन्धहेत्वभावनिर्जराभ्यां कृत्स्नकर्मविप्रमोक्षणं मोक्ष इति। तदनन्तरमूर्ध्वं गच्छत्यालोकान्तम्।—सर्वदर्शनसङ्ग्रह, आर्हतदर्शनप्रकरण, पृ.१४४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी सबैले प्रत्यक्ष र अनुमानं दुइ प्रमाण मान्दछन्। माध्यमिक बौद्धहरू द्रष्टा र दृश्य सम्पूर्ण जगत् शून्यको विवर्त अर्थात् आभास हो, वास्तविक तत्त्व केही पनि छैन भन्ने मान्दछन्। योगाचार बौद्धहरू भने क्षणिक परिवर्तनशील ज्ञान छ र जगत् त्यसै ज्ञानको विवर्तरूप हो भन्दछन्। सौत्रान्तिक बौद्धहरू बुद्धिद्वारा अनुमान गरिएको क्षणिक बाह्य अर्थ (जगत्) छ भन्दछन् भने वैभाषिक बौद्धहरू सम्पूर्ण वस्तु प्रत्यक्ष नै छ तर क्षणिक छ भन्ने मान्दछन्[1]। यसप्रकार माध्यमिक सर्वशून्य-वादी, योगाचार बाह्यार्थ-शून्यवादी, सौत्रान्तिक बाह्यार्थ-अनुमानवादी र वैभाषिक बाह्यार्थ-प्रत्यक्षतावादी देखिन्छन्। यी सबै क्षणिकतावादी मानिन्छन्। यिनीहरूका मतमा नित्य आत्मा छैन। यिनीहरू पनि ईश्वरको अस्तित्व स्वीकार गर्दैनन्।

बौद्धदर्शनले दुःखको मूल तृष्णाको विनाश भएपछि दुःखको निरोध भै विमल ज्ञान उत्पन्न हुनु नै निर्वाण वा मोक्ष हो भन्ने मानेको देखिन्छ[2]। दुःखको निरोधका लागि बौद्धदर्शनले अष्टाङ्गमार्ग बताएको छ— सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि। यहाँ सम्यक्को अर्थ दुवै अतिवादको त्याग भन्ने बुझ्नुपर्छ, अर्थात् न अधिक भोग, न अधिक तपस्या, मध्यममार्ग।

२.४. वैशेषिकदर्शन

वैशेषिकदर्शनलाई काणाददर्शन वा औलूक्यदर्शन पनि भन्ने गरिन्छ। कणादद्वारा रचित सूत्र नै वैशेषिकदर्शनको मूल ग्रन्थ हो। कणादको नाम उलूक पनि भएकाले यसलाई औलूक्यदर्शन पनि भनिएको हो। यस मतमा सात पदार्थ मानिन्छन्— द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव। पदार्थहरूमा परस्परभेदको कारणभूत विशेष नामको स्वतन्त्र पदार्थ स्वीकार गर्ने हुनाले यस दर्शनलाई वैशेषिक भनिएको हो। वैशेषिकसूत्रमा भने अभाव पदार्थलाई छोडेर छ पदार्थको मात्र उल्लेख पाइन्छ। उक्त छ पदार्थको यथार्थज्ञानद्वारा मोक्ष प्राप्त हुन्छ

---

१. मुख्यो माध्यमिको विवर्तमखिलं शून्यस्य मेने जगद्
योगाचारमते तु सन्ति मतयस् तासां विवर्तोऽखिलः।
अर्थोऽस्ति क्षणिकस् त्वसावनुमितो बुद्ध्येति सौत्रान्तिकः
प्रत्यक्षं क्षणभङ्गुरं च सकलं वैभाषिको भाषते॥—मानमेयोदय, पृ.२८३।

२. तदुभयनिरोधः। तदनन्तरं विमलज्ञानोदयो वा मुक्तिः। तन्निरोधोपायो मार्गः। स च तत्त्व-ज्ञानम्।—सर्वदर्शनसङ्ग्रह, बौद्धदर्शनप्रकरण, पृ.८०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने वैशेषिकदर्शनको सिद्धान्त देखिन्छ[१]। वैशेषिकदर्शनले नौ द्रव्य स्वीकार गरेको छ— पृथिवी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा र मन। वैशेषिकदर्शनले जीवलाई अनेक, नित्य र व्यापक भन्ने मान्दछ। प्राणीहरूको कर्मअनुसार ईश्वरबाट जगत्को सृष्टि, स्थिति र लय हुन्छ भन्ने वैशेषिकदर्शनको मान्यता रहेको छ। यस मतमा प्रत्यक्ष र अनुमान दुइ प्रमाण मान्य छन्।

२.५. तार्किकदर्शन (न्यायदर्शन)

तार्किकदर्शनलाई न्यायदर्शन पनि भन्ने चलन रहेको छ। वस्तुतः न्याय भनेको मीमांसान्याय हो। तार्किकदर्शनको मूल ग्रन्थ गौतममुनिरचित न्यायसूत्र हो। गौतमलाई अक्षपाद पनि भनिने हुँदा तार्किकदर्शनलाई आक्षपाददर्शन पनि भन्ने गरिन्छ।

वैशेषिकदर्शनमा र तार्किकदर्शनमा (न्यायदर्शनमा) धेरै नै समानता पाइन्छ। तथापि वैशेषिकदर्शनमा प्रमेयको प्रतिपादनमा जोड दिइएको छ भने तार्किकदर्शनमा प्रमाणको विवेचनमा विशेष जोड दिइएको छ।

तार्किकदर्शनमा (न्यायदर्शनमा) १६ पदार्थ मानिएका छन्— प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान। यिनै १६ पदार्थको तत्त्वज्ञानद्वारा मोक्षप्राप्ति हुन्छ भन्ने यस दर्शनको मान्यता देखिन्छ[२]। उक्त पदार्थको तत्त्वज्ञान भएपछि मिथ्याज्ञान, दोष, प्रवृत्ति, जन्म र दुःखको क्रमैले नाश हुन्छ र मुक्ति प्राप्त हुन्छ भन्ने यस दर्शनको सिद्धान्त रहेको छ[३]।

तार्किकदर्शनमा पनि जीवको स्वरूप; द्रव्य, गुण इत्यादि पदार्थ; ईश्वरको स्वरूप; सृष्टि, स्थिति, प्रलय इत्यादि विषय वैशेषिकदर्शनको जस्तै मानिएको देखिन्छ। यस दर्शनमा प्रत्यक्ष, अनुमान, उपमान र शब्द गरी चार प्रमाण मानिएका छन्। तार्किकदर्शनले (न्यायदर्शनले) अनुमानलाई विशेष महत्त्व दिएको देखिन्छ।

न्यायदर्शनमा प्राचीनन्याय र नव्यन्याय भनी दुइ विभाग गर्ने गरिन्छ। बाह्रौं शताब्दीमा मिथिलामा जन्मेका गङ्गेशोपाध्यायले 'तत्त्वचिन्तामणि' नामको ग्रन्थ लेखेर नव्यन्यायको सूत्रपात गरेका हुन्। नव्यन्यायको प्रमुख विशेषता भनेको

---

१. धर्मविशेषप्रसूताद् द्रव्य-गुण-कर्म-सामान्य-विशेष-समवायानां पदार्थानां साधर्म्यवैधर्म्याभ्यां तत्त्वज्ञानान्निःश्रेयसम्।—वैशेषिकसूत्र १।१।४।

२. प्रमाण-प्रमेय-संशय-प्रयोजन-दृष्टान्त-सिद्धान्ता-ऽवयव-तर्क-निर्णय-वाद-जल्प-वितण्डा-हेत्वाभास-च्छल-जाति-निग्रहस्थानानां तत्त्वज्ञानान् निश्श्रेयसाधिगमः।—न्यायसूत्र १।१।१।

३. दुःख-जन्म-प्रवृत्ति-दोष-मिथ्याज्ञानानामुत्तरोत्तरापायेतदन्तरापायादपवर्गः।—न्यायसूत्र१।१।२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको भाषाशैली रहेको देखिन्छ। प्राचीनन्यायमा मोक्षलाई विशेष महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ भने नव्यन्यायमा प्रमाणविवेचनलाई विशेष प्राथमिकता दिइएको देखिन्छ। नव्यन्यायको भाषाशैलीले न्यायदर्शनलाई मात्र नभएर सबै दर्शनका साथसाथै साहित्य, व्याकरण इत्यादि विषयको भाषाशैलीलाई पनि प्रभावित पारेको देखिन्छ।[1]

२.६. साङ्ख्यदर्शन

विवेचनात्मक बुद्धिलाई सङ्ख्या भनिन्छ, त्यस बुद्धिसम्बन्धी दर्शनलाई साङ्ख्यदर्शन भनिन्छ। साङ्ख्यदर्शनका प्रणेता कपिलमुनि मानिन्छन्। अहिले भने ईश्वरकृष्णद्वारा रचित ७२ कारिका (आर्या) भएको साङ्ख्यकारिका भन्ने ग्रन्थ नै यस दर्शनको मूल ग्रन्थ मानिन्छ र षड्दर्शनका व्याख्याता वाचस्पतिमिश्रले यसै ग्रन्थको व्याख्यारूप ग्रन्थ साङ्ख्यतत्त्वकौमुदीको रचना गरेको पाइन्छ। साङ्ख्य-दर्शनका साङ्ख्यसूत्र र साङ्ख्यप्रवचनभाष्य पनि उपलब्ध छन्।

साङ्ख्यदर्शनले २५ तत्त्व मानेको छ— पुरुष, प्रकृति, महान्, अहङ्कार, पञ्चतन्मात्रा, पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय, मन तथा पञ्चमहाभूत[2]। साङ्ख्य-दर्शनले जड प्रकृतिबाट सृष्टि हुने कुरा मानेको छ। पुरुष चेतन भए पनि उदासीन छ र प्रकृति जड छ। तथापि पुरुषको सामीप्यले गर्दा प्रकृतिबाट सृष्टिसम्भव छ भन्ने साङ्ख्यदर्शनको मत देखिन्छ। यसमा साङ्ख्यदर्शनले अन्धो र लँगडाको उदाहरण प्रस्तुत गरेको छ[3]। सृष्टिको क्रममा सर्वप्रथम सत्त्व, रज र तम यी तीन गुणयुक्त प्रकृतिबाट महान्को उत्पत्ति हुन्छ भनिएको छ। त्यसैगरी महान्बाट अहङ्कार, अहङ्कारबाट १६ तत्त्व (पञ्चतन्मात्रा, पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय र मन) तथा पञ्चतन्मात्राबाट पञ्चमहाभूतको उत्पत्ति हुने कुरा साङ्ख्यदर्शनमा बताइएको छ[4]।

साङ्ख्यदर्शनमा जीव (पुरुष) अनेक, चेतन एवम् असङ्ग, उदासीन तथा निर्विकार मानिन्छ। प्रकृतिको सान्निध्यले गर्दा कर्ता, भोक्ता, सुखी, दुःखी

---

१. द्रष्टव्य— भारतीय दर्शन, उमेश मिश्र, न्याय-दर्शन प्रकरण, पृ.१८१–१८२।

२. मूलप्रकृतिरविकृतिर् महदाद्याः प्रकृतिविकृतयः सप्त।
षोडकस् तु विकारो न प्रकृतिर् न विकृतिः पुरुषः॥—साङ्ख्यकारिका ३।

३. पुरुषस्य दर्शनार्थं कैवल्यार्थं तथा प्रधानस्य।
पङ्गवन्धवदुभयोरपि संयोगस् तत्कृतः सर्गः॥—साङ्ख्यकारिका २१।

४. प्रकृतेर् महाँस्ततोऽहङ्कारस् तस्माद् गणश्च षोडशकः।
तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्च भूतानि॥—साङ्ख्यकारिका २२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादिरूपमा अनुभूत हुन्छ। प्रकृतिको र पुरुषको भेदज्ञानले प्रकृति मुक्त हुन्छ भन्ने साङ्ख्यदर्शनको सिद्धान्त रहेको छ। साङ्ख्यदर्शनले प्रत्यक्ष, अनुमान र आगम तीन प्रमाण स्वीकार गर्दछ[१]।

२.७. योगदर्शन

अहिले योगदर्शनका प्रणेता पतञ्जलि मुनि मानिन्छन्। उनको योगसूत्र नै योगदर्शनको मूल ग्रन्थ हो। यसमा समाधिपाद, साधनपाद, विभूतिपाद र कैवल्य-पाद गरी जम्मा चार पाद (पाउ) रहेका छन्। योग भनेको चित्तवृत्तिको निरोध हो[२]।

योगदर्शनलाई सेश्वर-साङ्ख्यदर्शन पनि भन्ने गरिन्छ। किनभने योगदर्शनले साङ्ख्यले मानेका २५ तत्त्व स्वीकार गरेर २६ औँ तत्त्व ईश्वर पनि मानेको छ। साङ्ख्यले प्रकृतिलाई स्वतन्त्र मान्दछ भने योगदर्शनले ईश्वरको अधीन मान्दछ। प्रकृति र पुरुषको भेदज्ञानलाई नै मुक्तिको साधन मानेपनि योगंदर्शनले उक्त भेदज्ञानका लागि यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि यी आठ अङ्ग भएको योगको अभ्यास गर्नुपर्दछ भन्ने मानेको छ। उक्त अभ्यासद्वारा चित्तवृत्तिको पूर्णरूपमा निरोध गरेपछि चित्त आफ्नो कारणमा लीन हुन्छ, प्रकृति र पुरुषको विवेक हुन्छ अनि भ्रमरूप अविद्याको निवृत्ति भै पुरुष स्वरूपमा रहन्छ, यही नै मुक्ति हो भन्ने योगदर्शनको सिद्धान्त देखिन्छ।

२.८. (पूर्व)मीमांसादर्शन (धर्ममीमांसादर्शन)

जैमिनिमुनिद्वारा विरचित धर्ममीमांसासूत्र नै मीमांसादर्शनको मूल ग्रन्थ हो। धर्ममीमांसा कर्मरूप धर्मको नै विशेष निरूपण गर्ने शास्त्र भएको हुनाले वस्तुतः दर्शनशास्त्र हैन। तथापि प्रासङ्गिक रूपमा आउने दर्शनसम्बद्ध विषयलाई अर्वाचीन कालमा विशेष महत्त्वका साथमा विवेचन गरिएकाले धर्ममीमांसा पनि दर्शनका रूपमा स्थापित हुन पुगेको देखिन्छ।

मीमांसाका प्रमुख ग्रन्थहरूमा जैमिनिमुनिको सूत्रग्रन्थ, शबरस्वामिरचित शाबरभाष्य, कुमारिलभट्टद्वारा रचित श्लोकवार्त्तिक, तन्त्रवार्त्तिक, टुपटीका, प्रभाकरमिश्रकृत शाबरभाष्यको व्याख्या बृहती इत्यादि रहेका छन्।

---

१. दृष्टमनुमानमाप्तवचनं च सर्वप्रमाणसिद्धत्वात्।
त्रिविधं प्रमाणमिष्टं प्रमेयसिद्धिः प्रमाणद् धि॥–साङ्ख्यकारिका ४।

२. योगश्चित्तवृत्तिनिरोधः।–योगसूत्र १।२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मीमांसकहरू कर्मफलको भोगका लागि जीवको नित्यता स्वीकार गर्दछन्। यिनीहरू जीवलाई अनेक, विभु, कर्ता, भोक्ता मान्दछन्[1]। जीवको पारमार्थिक स्वरूपका विषयमा मीमांसकहरूले विशेष विचार गरेका छैनन्, उनीहरू जीवको पारमार्थिक स्वरूपको ज्ञानका लागि वेदान्तको विचार गर्नुपर्ने कुरा स्वीकार गर्छन्[2]। मीमांसाले नित्यकर्म र निष्काम कर्म गर्नाले सञ्चित पापको नाश हुन्छ, सकाम कर्म नगर्नाले पाप वा पुण्य सञ्चित हुँदैन र प्रारब्धकर्मको भोगद्वारा क्षय हुन्छ, वेदान्तमा उपदिष्ट प्रकारले आत्मज्ञान गर्नाले नित्यानन्दरूप मोक्ष सिद्ध हुन्छ भन्ने मानेको देखिन्छ[3]। भोगायतन **शरीर**, भोग-साधन **इन्द्रिय** तथा इन्द्रियका **विषय** यी तीनद्वारा मनुष्य बन्धनमा पर्दछ, अतः यी तीनको आत्यन्तिक (सर्वथा) विनाश भै जीव स्वरूपावस्थामा रहनु नै मोक्ष हो भन्ने मीमांसाको सिद्धान्त रहेको देखिन्छ[4]।

मीमांसकहरू वेदलाई अनादि, अपौरुषेय र अविच्छिन्न गुरु-शिष्यपरम्परा-द्वारा प्राप्त मान्छन्। कर्मले नै अपूर्वद्वारा फल दिन सक्ने हुनाले कर्मफलप्राप्तिका लागि ईश्वरको आवश्यकता नपर्ने कुरा मान्छन्।

भाट्ट मीमांसकहरू (कुमारिल भट्टका अनुयायीहरू) द्रव्य, गुण, कर्म, सामान्य र अभाव गरी पाँच पदार्थ स्वीकार गर्दछन्। द्रव्यमा पृथिवी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा, तम (अन्धकार), मन र शब्द गरी एघार स्वीकार गर्दछन् भने गुण २४ मान्दछन्। प्राभाकर मीमांसक भने द्रव्य, गुण, कर्म, जाति, शक्ति, सादृश्य, सङ्ख्या र समवाय गरी आठ पदार्थ स्वीकार गर्दछन्।

---

१. द्रष्टव्य– भारतीय दर्शन, उमेश मिश्र, मीमांसादर्शन-प्रकरण, पृ.२५०।

२. इत्याह नास्तिक्यनिराकरिष्णुरात्मास्तितां भाष्यकृदत्र युक्त्या।
दृढत्वमेतद्विषयश्च बोधः प्रयाति वेदान्तनिषेवणेन॥
—श्लोकवार्त्तिक, आत्मवाद, श्लो.१४८।

३. ▪ मोक्षार्थी न प्रवर्तेत तत्र काम्यनिषिद्धयोः। नित्यनैमित्तिके कुर्यात् प्रत्यवायजिहासया॥
तत्र ज्ञातात्मतत्त्वानां भोगात् पूर्वक्रियाक्षये। उत्तरप्रचयाभावाद् देहो नोत्पद्यते पुनः॥
—श्लोकवार्त्तिक, सम्बन्धाक्षेपपरिहार, श्लो.११०,१०८।

▪ निषिद्धकाम्यकर्मभ्यः सम्यग् व्यावृत्तचेतसः। नित्यनैमित्तिकप्रायश्चित्तप्रध्वस्तदुष्कृतेः॥
सुखदुःखानुभूतिभ्यां क्षीणप्रारब्धकर्मणः। युक्तस्य ब्रह्मचर्याद्यैरङ्गैः शमदमादिभिः॥
कुर्वाणस्यात्ममीमांसां वेदान्तोक्तेन वर्त्मना। मुक्तिः सम्पद्यते सद्यो नित्यानन्दप्रकाशिनी॥
—मानमेयोदय, प्रमेयप्रकरण, श्लो.२६–२८, पृ.२०२।

४. द्रष्टव्य– भारतीय दर्शन, उमेश मिश्र, मीमांसादर्शन-प्रकरण, पृ.२५०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राभाकर मीमांसकहरू (प्रभाकर मिश्रका अनुयायीहरू) प्रत्यक्ष, अनुमान, उपमान, शब्द र अर्थापत्ति गरी पाँच प्रमाण मान्छन् भने भाट्ट मीमांसकहरू अनुपलब्धिसमेत छ प्रमाण स्वीकार गर्दछन्।[1]

३. वेदान्तदर्शनको परिचय

प्राच्य मान्यतामा वेद अनादि र अपौरुषेय मानिन्छ[2]। यो अनादि गुरुशिष्य-परम्पराबाट आएको हो[3]। त्यसैले वेद धर्म र मोक्षमा परम प्रमाण मानिन्छ। वेद ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी ४ प्रकारमा विभक्त छ[4]। ऋग्वेदका २१ शाखा, यजुर्वेदका १०१ शाखा, सामवेदका १००० शाखा र अथर्ववेदका ९ शाखा गरी जम्मा वेदका ११३१ शाखा भएको कुरा पाणिनीय व्याकरणभाष्यकार पतञ्जलिमुनिले उल्लेख गरेका छन्[5]। वेद मन्त्र र ब्राह्मण गरी मुख्य रूपमा दुइ भागमा विभक्त छ[6]। वेदमा कर्मकाण्ड र ज्ञानकाण्ड गरी दुइ काण्ड रहेका छन्। ज्ञानकाण्डलाई उपनिषद् भनिन्छ।

वेदको सारभूत विषय प्रतिपादन गर्ने भएकाले वा वेदको अन्त्य भागमा रहेका हुनाले उपनिषद्लाई वेदान्त भनिन्छ। त्यसैले उपनिषद्को दर्शनलाई वेदान्त-दर्शन भनिन्छ। अनादि अपौरुषेय तथा परमप्रमाणरूप वेदको दर्शन हुनाले वेदान्त-दर्शन भारतवर्षीय सम्पूर्ण दर्शनको शिरोमणिका रूपमा रहेको छ। त्यसैले प्रायः सबै भारतवर्षीय दर्शनमा वेदान्तदर्शनको विशेष प्रभाव परेको देखिन्छ।

वेदका मन्त्रभाग तथा ब्राह्मणभाग दुवैमा उपनिषद् रहेका छन्। अतः उपनिषद्को सङ्ख्या वेदशाखाको सङ्ख्याको दुइ गुना हुन सक्ने देखिन्छ। तथापि

---

१. द्रष्टव्य– ब्रह्ममीमांसासूत्र-कौण्डिन्न्यायनवृत्ति, प्रस्ताविका, पृ.२९–३०।

२. द्रष्टव्य– धर्ममीमांसासूत्र १।१।५–३२।

३. वेदस्याऽध्ययनं सर्वं गुर्वध्ययनपूर्वकम्।
वेदाध्ययनवाच्यत्वादधुनाध्ययनं यथा॥–श्लोकवार्त्तिक, वाक्याधिकरण, श्लो.३६६।

४. ▪ ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमाथर्वणं चतुर्थम्।–छान्दोग्योपनिषद् ७।१।२।
▪ तत्राऽपरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः।–मुण्डकोपनिषद् १।१।५।

५. चत्वारो वेदाः साङ्गाः सरहस्या बहुधा भिन्ना एकशतमध्वर्युशाखाः सहस्रवर्त्मा सामवेद एकविंशतिधा बाह्वृच्यं नवधाऽऽथर्वणो वेदः।–पाणिनीयव्याकरण-महाभाष्य, प्रथम आह्निक।

६. मन्त्रब्राह्मणयोर् वेदनामधेयम्।– आपस्तम्बश्रौतसूत्र २४।१।३१, सत्याषाढश्रौतसूत्र १।१।७, बौधायनगृह्यसूत्र २।६।३, कातीय-प्रतिज्ञासूत्र १।२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान कालमा वेदका सम्पूर्ण शाखा उपलब्ध नभएकाले र लुप्त भएका वेद-शाखाका पनि उपनिषद् भने पाइन सक्ने भएकाले उपनिषद्को सङ्ख्यानिर्धारण गर्न कठिन देखिन्छ। अर्वाचीन कालमा उपनिषद्-नामबाट अनेक ग्रन्थको रचना गरिएको हुनाले वास्तविक उपनिषद्को सङ्ख्यानिर्धारण झनै कठिन भएको छ। मुक्तिकोपनिषद्मा १०८ उपनिषद्को नाम उल्लेख गरिएको छ (१।३०-३९)। कतै १८८ उपनिषद्को सङ्ग्रह गरिएको पाइन्छ[1] भने कतै २२० उपनिषद्को उल्लेख गरिएको छ[2]। शङ्करभगवत्पादबाट व्याख्या गरिएका र वेदशाखासित सम्बन्ध स्पष्ट भएका १० उपनिषद् विशेष प्रसिद्ध छन्– (१) ईशावास्योपनिषद् (२) केनोपनिषद् (३) कठोपनिषद् (४) मुण्डकोपनिषद् (५) प्रश्नोपनिषद् (६) माण्डूक्योपनिषद् (७) तैत्तिरीयोपनिषद् (८) ऐतरेयोपनिषद् (९) छान्दोग्योपनिषद् र (१०) बृहदारण्यकोपनिषद्।

४. वेदान्तदर्शनका व्याख्याका सम्प्रदायहरू

यद्यपि वेदान्तदर्शन भन्नाले श्रुतिसम्मत भएको हुँदा अद्वैत-वेदान्त भन्ने नै बुझिन्छ तथापि यस दर्शनको विभिन्न वैष्णवसम्प्रदायका व्यक्तिहरूले आ-आफ्ना मतअनुसार विभिन्न प्रकारको व्याख्या गरेका हुनाले ती व्याख्याका आधारमा अनेक सम्प्रदायको विकास भएको देखिन्छ। ती मतहरूमा भास्करभट्टको **भेदाभेद**, रामानुजको **विशिष्टाद्वैत**, निम्बार्कको **द्वैताद्वैत**, मध्वको **द्वैत** तथा वल्लभको **शुद्धाद्वैत** मत विशेष प्रसिद्ध छन्।

४.१. भास्करभट्टको भेदाभेदमत

वैष्णवसिद्धान्तानुसारी विभिन्न मतहरूका ब्रह्ममीमांसासूत्रव्याख्याभन्दा पहिला नै शङ्करभगवत्पादले ब्रह्ममीमांसासूत्रको श्रुतिसम्मत अद्वैतपरक व्याख्या गरेर यसलाई प्रतिष्ठापित गरेको देखिन्छ। अन्य सम्पूर्ण व्याख्याहरू शाङ्करभाष्य-भन्दा पछि विरचित भएका हुन्। तीमध्ये शङ्करकै निकट-परवर्ती नवौं शताब्दीका **भास्कर**को ब्रह्मसूत्रको भाष्य पाइन्छ। यी ज्ञानकर्मसमुच्चयवादी थिए। यिनका मतमा जीव सांसारिक अवस्थामा परमात्माभन्दा भिन्न हुन्छ र मोक्षावस्थामा अभिन्न हुन्छ। यही मतका आधारमा उनको सिद्धान्त भेदाभेदका नामले प्रसिद्ध

१. उपनिषत्सङ्ग्रहः, मोतीलाल बनारसीदास, वाराणसी, प्र.सं. १९७० क्रै.।

२. कल्याण पत्रिका, उपनिषद् अङ्क, पृ. १५३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको हो। यस मतमा जीव अणु मानिएको छ; जीवन्मुक्ति स्वीकारिएको छैन; जगत्‌लाई मिथ्या मानिएको छैन; कर्मको त्याग हुन सक्तैन भनिएको छ।[1]

४.२. रामानुजको विशिष्टाद्वैतमत

यामुनशिष्य **रामानुज**द्वारा रचित ब्रह्मसूत्रको **श्रीभाष्य** विशिष्टाद्वैत मतको मुख्य ग्रन्थ हो। रामानुजको जन्म १०१७ क्रैस्ताब्दमा भएको मानिन्छ। यस मतमा चित् (जीव), अचित् (जड) र ईश्वर यी तीन तत्त्व मानिएका छन्। ईश्वर अद्वितीय भए पनि चित् र अचित् ईश्वराश्रित मानिने हुनाले ईश्वर तीद्वारा विशिष्ट हुन्छ। त्यसैले यस मतलाई विशिष्टाद्वैत भनिएको हो। यस मतमा बन्धनिवृत्तिको उपाय भक्ति मानिएको छ। यस मतमा प्रत्यक्ष, अनुमान र शब्द गरी तीन प्रमाण मानिएका छन्। यस मतमा श्रीपञ्चरात्रागमलाई वेदाऽविरुद्ध भन्दै प्रमाण मानिएको छ।[2]

४.३. निम्बार्कको द्वैताद्वैतमत

निम्बार्कद्वारा रचित ब्रह्मसूत्रको **वेदान्तपारिजातसौरभ** नामक भाष्य नै द्वैताद्वैत मतको मूल ग्रन्थ हो। यिनको समय बार्हौं शताब्दी मानिएको छ। यस मतमा जीव, परमात्मा र जड (प्रकृति) तीन तत्त्व मानिएका छन्। यी तीन परस्परमा भिन्न-भिन्न छन् भन्ने यस मतको सिद्धान्त छ। परमात्माका अधीनमा जीव र प्रकृति रहेका छन्, परमात्मा जीव र प्रकृतिमा ओत-प्रोत छन्, जीव र प्रकृतिको परमात्माका साथमा त्यति मात्र अन्तर छ जति समुद्र र त्यसका छालका बीचमा छ भन्दै तिनमा अभेदको समेत प्रतिपादन यस मतमा गरिएकाले यो मत द्वैताद्वैत मतका रूपमा प्रसिद्ध भएको हो। यस मतमा जीव अणु तथा बद्ध र मुक्त गरी दुइ प्रकारको स्वीकारिएको छ। जगत्‌लाई परमात्माको परिणाम मानिएको छ। यस मतमा भक्तिलाई नै मुक्तिको मुख्य साधन मानिएको छ।[3]

४.४. मध्वको द्वैतमत

१११९ क्रैस्ताब्दमा कन्नड प्रदेशमा जन्मेका मध्वद्वारा रचित ब्रह्मसूत्रको **पूर्णप्रज्ञभाष्य** द्वैत मतको मुख्य ग्रन्थ हो। मध्वले ब्रह्मसूत्रका अतिरिक्त उपनिषद्को र गीताको पनि आफ्नो मतअनुसार व्याख्या गरेका छन्। यस मतका अनेक

---

१. द्रष्टव्य— भारतीय दर्शन, उमेश मिश्र, भेदाभेद-दर्शनप्रकरण, पृ. ३९९–४०४।

२. द्रष्टव्य— पूर्ववत्, विशिष्टाद्वैत-दर्शनप्रकरण, पृ. ४०५–४१९।

३. द्रष्टव्य— पूर्ववत्, द्वैताद्वैत-दर्शनप्रकरण, पृ. ४२०–४२५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थहरू रचना गरिएका पाइन्छन्। यसै मतअनुसारको व्यासराजको न्यायामृतको खण्डनका लागि मधुसूदनसरस्वतीले अद्वैतसिद्धिको रचना गरेका हुन्। यस मतमा विष्णुलाई परमात्माका रूपमा लिइएको छ। जीवलाई ईश्वरको दासका रूपमा लिइएको छ र भक्तिलाई मुक्तिको मुख्य साधन मानिएको छ। यस मतमा प्रत्यक्ष, अनुमान र शब्द तीन प्रमाण स्वीकृत छन्। यस मतमा जगत्लाई (प्रपञ्चलाई) सत्य मानिएको छ। त्यसैले यो मत द्वैत मतका रूपमा प्रसिद्ध छ।[1]

४.५. वल्लभको शुद्धाद्वैतमत

वल्लभद्वारा प्रचारित मत **शुद्धाद्वैत**का रूपमा प्रसिद्ध छ। वि.सं. १५३५मा रायपुरमा जन्मेका वल्लभद्वारा रचित ब्रह्मसूत्रको **अणुभाष्य** नै यस मतको मूल ग्रन्थ हो। यस मतमा जीव र परमात्मा दुवै शुद्ध मानिएका छन् भने ब्रह्म एकमात्र तत्त्व मानिएको छ र अन्य सम्पूर्ण वस्तु ब्रह्मभन्दा अभिन्न मानिएका छन्। त्यसैले यस मतको नाम शुद्धाद्वैत रहेको देखिन्छ। यस मतमा जीव अणु र ईश्वरको सेवक मानिएको छ। मुक्तिको साधन ज्ञान नभएर भक्ति हो भनिएको छ र त्योभन्दा पनि उत्कृष्ट साधन प्रीतिमार्ग मानिएको छ।[2]

५. अद्वैत-वेदान्तदर्शनका व्याख्याको विकासक्रम

अनादि अपौरुषेय वेदको दर्शन भएकाले अद्वैत-वेदान्तको इतिहास अनादि-कालदेखि नै सुरु हुन्छ तापनि यसका व्याख्याताहरूको प्रामाणिक इतिहास भने धेरै लामो उपलब्ध हुन सकेको छैन। उपनिषद्पछिका वेदान्तका ग्रन्थमा बादरायण व्यासद्वारा रचित भगवद्गीता र ब्रह्मसूत्र देखिन्छन्। व्यास द्वापर युगका अन्त्यमा जन्मेका हुनाले अहिलेभन्दा करिब ५००० वर्ष पहिला गीताको र ब्रह्मसूत्रको रचना भएको मानिन्छ। त्यसपछि शङ्करभगवत्पाद(शङ्कराचार्य)भन्दा अगाडिका आचार्यहरूमा केहीको मात्र नाम वा केही सिद्धान्तको उल्लेख मात्र भेटिन्छ। शङ्करभगवत्पादका परमगुरु **आठौं** शताब्दीका **गौडपाद**को कृति **माण्डूक्य-कारिका (माण्डूक्योपनिषत्-कारिका)** तथा **मण्डनमिश्र**को **विभ्रमविवेक** र **ब्रह्म-सिद्धि** मात्र अहिले उपलब्ध देखिन्छन्।

---

१. द्रष्टव्य– पूर्ववत्, द्वैत-दर्शनप्रकरण, पृ. ४२६–४५०।

२. ▪ द्रष्टव्य– पूर्ववत्, द्वैत-दर्शनप्रकरण, पृ. ४२६–४५०।

▪ द्रष्टव्य– कल्याण पत्रिका, वेदान्ताङ्क, पृ. ७०१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अद्वैत-वेदान्तको इतिहासमा **आठौँ** शताब्दीका **शङ्करभगवत्पाद**को सबैभन्दा ठुलो योगदान रहेको छ। उनले **दशोपनिषद्को व्याख्या, गीताको व्याख्या, ब्रह्मसूत्रको भाष्य** लेखेर अद्वैतवेदान्तको विस्तृत व्याख्या र विशेष प्रचार गरेको देखिन्छ। उनको ब्रह्मसूत्रको भाष्यलाई शारीरकभाष्य वा शाङ्करभाष्य भन्ने गरिन्छ। उनीपछि वेदान्तको ग्रन्थरचना र प्रचारको परम्पराले व्यापकता पाएको देखिन्छ। त्यसैले अद्वैत-वेदान्त भन्ने बित्तिकै शङ्करभगवत्पादको नाम अगाडि आउँछ। आजभोलि अद्वैतवेदान्तलाई शाङ्करवेदान्त पनि भन्ने गरिएको छ। शङ्करका नामबाट १०० भन्दा बढी ग्रन्थहरू प्रचारमा आएपनि ती सबै उनका रचना हैनन् भन्ने विवेचकहरूको भनाइ देखिन्छ।

शङ्करभगवत्पादपछि उनका शिष्य **पद्मपाद**को **पञ्चपादिका** नामको ब्रह्मसूत्रशाङ्करभाष्यको व्याख्या उपलब्ध छ। त्यसै गरी शङ्करशिष्य **सुरेश्वर**को **तैत्तिरीयोपनिषद्भाष्यवार्त्तिक, बृहदारण्यकभाष्यवार्त्तिक** इत्यादि वार्त्तिकग्रन्थ र **नैष्कर्म्यसिद्धि** विशेष प्रसिद्ध छन्। **नवौँ** शताब्दीका **वाचस्पतिमिश्र**को ब्रह्मसूत्र-शाङ्करभाष्यको व्याख्या भामती, ब्रह्मसिद्धिको व्याख्या **ब्रह्मतत्त्वसमीक्षा; एघारौँ** शताब्दीका **विमुक्तात्मा**को **इष्टसिद्धि, सर्वज्ञात्मा**को **सङ्क्षेपशारीरक, प्रकाशात्मा**को **पञ्चपादिकाविवरण, बाह्रौँ** शताब्दीका **श्रीहर्ष**को **खण्डनखण्डखाद्य, रामाद्वयको वेदान्तकौमुदी, आनन्दबोध**को **न्यायमकरन्द, आनन्दानुभव**को **न्यायरत्नदीपावली र पदार्थतत्त्वनिर्णय, अद्वैतानन्दबोधेन्द्र**को **ब्रह्मविद्याभरण, तेह्रौँ** शताब्दीका **चित्सुखाचार्यको प्रत्यक्तत्त्वप्रदीपिका (चित्सुखी), अमलानन्द**को **शास्त्रदर्पण, पञ्चपादिकादर्पण** र भामतीको व्याख्या **वेदान्तकल्पतरु; अनुभूतिस्वरूप**को ब्रह्मसूत्र-शाङ्करभाष्यको व्याख्या **प्रकटार्थविवरण, चौधौँ** शताब्दीका **आनन्दज्ञान(आनन्दगिरि)**का उपनिषद्-गीता-ब्रह्मसूत्र-शाङ्करभाष्यका व्याख्या, **भारतीतीर्थ**को **वैयासकन्यायमाला, शङ्करानन्द**का ब्रह्मसूत्रको तथा उपनिषद्हरूको **दीपिका** व्याख्या, गीताको **तात्पर्यबोधिनी** व्याख्या; **विद्यारण्य**को **विवरणप्रमेयसङ्ग्रह** र **पञ्चदशी; पन्ध्रौँ** शताब्दीका **अखण्डानन्द**का पञ्चपादिका-विवरणको व्याख्या **तत्त्वदीपन,** भामतीको व्याख्या **ऋजुप्रकाशिका; प्रकाशानन्द**को **वेदान्तसिद्धान्तमुक्तावली, शङ्करमिश्र**को खण्डनखण्डखाद्यको व्याख्या **शाङ्करी, सोह्रौँ** शताब्दीका **प्रत्यक्स्वरूप**को प्रत्यक्तत्त्वप्रदीपिकाको व्याख्या **नयनप्रसादिनी, नृसिंहाश्रम**का **अद्वैतदीपिका, भेदधिक्कार, वेदान्ततत्त्वविवेक; सत्रौँ** शताब्दीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अप्पय दीक्षितका सिद्धान्तलेशसङ्ग्रह, न्यायरक्षामणि, वेदान्तकल्पतरुको व्याख्या परिमल; सदानन्दको वेदान्तसार, धर्मराजाध्वरीन्द्रको वेदान्तपरिभाषा, मधुसूदन-सरस्वतीको अद्वैतसिद्धि, सिद्धान्तबिन्दु, अद्वैतरत्नरक्षण, प्रस्थानभेद; अठारौं शताब्दीका ब्रह्मानन्दका अद्वैतसिद्धिको व्याख्या लघुचन्द्रिका र गुरुचन्द्रिका, सिद्धान्तबिन्दुको व्याख्या न्यायरत्नावली, ईशावास्यरहस्य इत्यादि ग्रन्थहरू वेदान्त-दर्शनको इतिहासमा महत्त्वपूर्ण रहेका छन्।[1]

६. अद्वैत-वेदान्तदर्शनका कतिपय प्रमुख विषय

यहाँ वेदान्तदर्शनका प्रमुख कतिपय विषयलाई संक्षिप्त रूपमा प्रस्तुत गरिन्छ।

६.१. आत्मा (जीवात्मा)

आत्मा भन्नाले जीव र ब्रह्म दुवै बुझिने भए पनि विशेषणरहित आत्मशब्दले सामान्यतया जीवात्मालाई नै बुझाउँछ। निःसन्देहरूपमा बुझाउन भने जीवात्मा र परमात्मा शब्दको प्रयोग वेदान्तदर्शनमा गरिएको पाइन्छ। वेदान्तदर्शनले जीवात्मा-लाई नित्य, व्यापक, चेतनरूप स्वीकारेको छ[2]। **"ब्रह्म सत्यं जगन् मिथ्या जीवो ब्रह्मैव नाऽपरः"** भन्ने सिद्धान्त भएको वेदान्तदर्शनले जीवलाई पारमार्थिक रूपमा ब्रह्म नै मान्दछ[3]। ब्रह्म नै जीवका रूपमा शरीरमा प्रवेश गरेको हो[4]। अज्ञानले वा अध्यासले गर्दा अन्तःकरणादि उपाधिले गर्दा जीव ब्रह्मभन्दा भिन्न रूपमा भासित

---

१. ▪ द्रष्टव्य– ब्रह्ममीमांसासूत्र-कौण्डिन्न्यायनवृत्ति, प्रस्ताविका, पृ.४४–७५।
▪ द्रष्टव्य– शांकर-वेदान्त, हरप्रकाश वेदान्ताचार्य, पृ.१–१०१।

२. ▪ न जायते म्रियते वा विपश्चिन्नाऽयं कुतश्चिन्न बभूव कश्चित्।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥–कठ.१।२।१८, द्र.–गीता २।२०।
▪ न जीवो म्रियते।–छान्दोग्योपनिषद् ६।११।३।
▪ अविनाशी वा अरेऽयमात्माऽनुच्छित्तिधर्मा।–बृहदारण्यकोपनिषद् ४।५।१४।

३. ▪ तत् त्वमसि।–छान्दोग्योपनिषद् ६।८।७, ६।९।४, ६।१०।३, ६।११।३, ... ६।१६।३।
▪ स वा एष महानज आत्मा।–बृहदारण्यकोपनिषद् ४।४।२५।

४. ▪ तत् सृष्ट्वा तदेवाऽनुप्राविशत्।–तैत्तिरीयोपनिषद् २।६।१।
▪ अनेन जीवेनाऽऽत्मनाऽनुप्रविश्य।–छान्दोग्योपनिषद् ६।३।२,३।
▪ स एतमेव सीमानं विदार्यैतया द्वारा प्रापद्यत।–ऐतरेयोपनिषद् ३।११।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ र अल्पज्ञ, अल्पशक्तिमान्, परिच्छिन्न, सुख-दुःखको अनुभव गर्ने, कर्ता, भोक्ता इत्यादि रूपमा अनुभूत हुन्छ[1]। वेदान्तका आचार्यहरूले जीवलाई अविद्याले अवच्छिन्न चैतन्य, अविद्यामा प्रतिबिम्बित चैतन्य, अन्तःकरणले अवच्छिन्न चैतन्य, अन्तःकरणमा प्रतिबिम्बित चैतन्य इत्यादि विभिन्न रूपमा प्रतिपादन गरेको पाइन्छ।

६.२. ईश्वर

मायायुक्त हुनाले सगुण सविशेष र जगत्को सृष्टि-स्थिति-प्रलयको कारण भएको ब्रह्म नै ईश्वर वा परमेश्वर भनिन्छ। **"यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति यत् प्रयन्त्यभिसंविशन्ति तद् विजिज्ञासस्व तद् ब्रह्म"** (तैत्तिरीयोपनिषद् ३।१) इत्यादि श्रुतिहरूले तथा **"जन्माद्यस्य यतः"** (ब्रह्मसूत्र १।१।२) इत्यादि सूत्रले बताएको ब्रह्मको लक्षण ईश्वररूप ब्रह्मको हो भन्ने धेरैजसो वेदान्तका आचार्यहरूको मान्यता रहेको देखिन्छ। ईश्वरलाई नै कार्यब्रह्म पनि भनिन्छ।

६.३. ब्रह्म

ब्रह्म उपनिषद्को अथवा वेदान्तको मुख्य प्रतिपाद्यविषय हो। वेदान्तले ब्रह्मलाई मात्र सत्य मानेको छ भने तदतिरिक्त सम्पूर्ण वस्तुलाई मिथ्या भनेको छ। त्यसैले ब्रह्माऽद्वैतत्व वेदान्तको प्रमुख सिद्धान्त रहेको छ[2]। ब्रह्मलाई उपनिषद्मा जगत्को कारणका रूपमा उल्लेख गरिएको पाइन्छ[3]। जगत्कारणत्व ब्रह्मको तटस्थ लक्षण मानिन्छ। ब्रह्म ज्ञानरूप, त्रिकालाऽबाध्य, देश काल र वस्तुबाट अपरिच्छिन्न भएको हुनाले अनन्त, आनन्दरूप भनेर उपनिषद्मा वर्णन गरिएको छ[4]। यो

---

१. ▪ तद्गुणसारत्वात्तु तद्व्यपदेशः प्राज्ञवत्।—ब्रह्ममीमांसासूत्र २।३।२९।
▪ बुद्धेर्गुणेनाऽऽत्मगुणेन चैव आराग्रमात्रो ह्यप(व)रोऽपि दृष्टः।—श्वेताश्वतरोपनिषद् ५।८।

२. ▪ सदेव सोम्येदमग्र आसीदेकमेवाऽद्वितीयम्।—छान्दोग्योपनिषद् ६।२।१।
▪ नेह नानाऽस्ति किञ्चन।—बृहदारण्यकोपनिषद् ४।४।१९, कठोपनिषद् २।१।११।

३. ▪ यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति यत् प्रयन्त्यभिसंविशन्ति तद् विजिज्ञासस्व तद् ब्रह्मेति।—तैत्तिरीयोपनिषद् ३।१।
▪ स कारणं करणाधिपाधिपः।—श्वेताश्वतरोपनिषद् ६।९।

४. ▪ सत्यं ज्ञानमनन्तं ब्रह्म।—तैत्तिरीयोपनिषद् २।१।
▪ विज्ञानमानन्दं ब्रह्म।—बृहदारण्यकोपनिषद् ३।९।३४।
▪ नित्यं विभुं सर्वगतं सुसूक्ष्मं तदव्ययम्।—मुण्डकोपनिषद् १।६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मको स्वरूप लक्षण मानिन्छ। ब्रह्म (आत्मा) स्वप्रकाश तथा स्वतःप्रमाण भएकाले प्रमाणान्तरको अपेक्षा नगर्ने मानिन्छ[1]।

ब्रह्म पर र अपर गरी दुइ रूपको मानिन्छ। पर ब्रह्म ज्ञेय हो र यो निर्गुण तथा निर्विशेष स्वीकार गरिन्छ। अपर ब्रह्म भने मायाशबलित भएको हुनाले सगुण, सविशेष, ईश्वररूप र उपास्य भनिन्छ।

६.४. माया तथा अविद्या

मायालाई वेदान्तदर्शनले अनादि, अनिर्वचनीय, भावरूप, भूतप्रकृति, त्रिगुणात्मिका, आवरण-विक्षेपशक्तियुक्त, ज्ञाननिवर्त्य भनेर मानेको छ[२]। जगत्को विवर्तकारण ब्रह्म र परिणामिकारण माया हो भन्ने कतिपय आचार्यको भनाइ देखिन्छ भने कोही मायालाई द्वारकारण, कोही सहकारिकारण मान्छन्; कतिपय आचार्यको मतमा माया नै जगत्को कारण हो ब्रह्म त मायाको अधिष्ठान मात्र हो[३]।

वेदान्तमा मायालाई प्रकृतिशब्दले पनि व्यवहार गरिएको र त्रिगुणात्मिका भनिएको हुनाले साङ्ख्यदर्शनले स्वीकार गरेको प्रकृति नै वेदान्तले पनि मानेको हो कि भन्ने भ्रम हुन सक्छ। किन्तु साङ्ख्यले प्रकृतिलाई स्वतन्त्र मानेको छ भने वेदान्तले ईश्वरको अधीन अर्थात् परतन्त्र मानेको छ।

शुद्धसत्त्वप्रधान ईश्वरको उपाधि माया, मलिनसत्त्वप्रधान जीवको उपाधि अविद्या भनेर मायाका दुइ रूप मान्ने कतिपय वेदान्तका आचार्यहरूको मत देखिन्छ[४]। कतिपय आचार्यहरू भने **"भूयश्चान्ते विश्वमायानिवृत्तिः"** (श्वेताश्व. १।१०) इत्यादि श्रुतिमा ज्ञाननिवर्त्य अविद्यामा मायाशब्दको प्रयोग भएंको हुनाले माया र अविद्यालाई अभिन्न मान्दछन्।

---

१. ▪ यत् साक्षादपरोक्षाद् ब्रह्म।—बृहदारण्यकोपनिषद् ३।४।१।
▪ अत्राऽयं पुरुषः स्वयज्ज्योतिः।—पूर्ववत् ४।३।९।

२. ▪ मायां तु प्रकृतिं विद्यान् मायिनं तु महेश्वरम्।—श्वेताश्वतरोपनिषद् ४।१०।
▪ चिदानन्दमयब्रह्मप्रतिबिम्बसमन्विता।
तमोरजःसत्त्वगुणा प्रकृतिर् द्विविधा च सा॥—पञ्चदशी १।१५।
▪ अनादिभावरूपं यद् विज्ञानेन विलीयते।
तदज्ञानमिति प्राज्ञा लक्षणं सम्प्रचक्षते॥—प्रत्यक्तत्त्वप्रदीपिका (चित्सुखी), श्लो. ९।

३. द्रष्टव्य— सिद्धान्तलेशसङ्ग्रह, प्रथम परिच्छेद, पृ. ७४–८०।

४. सत्त्वशुद्ध्यविशुद्धिभ्यां मायाविद्ये च ते मते।
मायाबिम्बो वशीकृत्य तां स्यात् सर्वज्ञ ईश्वरः॥—पञ्चदशी १।१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.५. अध्यास

भ्रमलाई अध्यास भनिन्छ। **"स्मृतिरूपः परत्र पूर्वदृष्टावभासः"** (ब्रह्मसूत्र, अध्यासभाष्य) भनेर शङ्करले अध्यासको परिभाषा गरेका छन्। एउटा वस्तुलाई अर्को वस्तुका रूपमा देख्नु वा ज्ञानगर्नु अध्यास हो। ब्रह्ममा जगत् देख्नु वा शुक्तिमा (सिपीमा) रजत (चाँदी) देख्नु अध्यास हो। अध्यास भनेको अविद्या नै हो। त्यसैले विद्याद्वारा अध्यासको निवृत्ति हुन्छ। अध्यास छ भन्ने सिद्ध नभएमा विद्या व्यर्थ हुने भएकाले विद्यारूप वेदान्तको प्रारम्भका लागि अध्यासको सिद्धि अत्यावश्यक हुन्छ। त्यसैले ब्रह्मसूत्रको भाष्य प्रारम्भ गर्नुपूर्व शाङ्करभाष्यमा अध्यास सिद्ध गरिएको छ।

६.६. जगत् (प्रपञ्च)

"गच्छतीति जगत्" यस व्युत्पत्तिअनुसार परिवर्तनशील वस्तु नै जगत् हो। वेदान्तदर्शनले चेतनभिन्न जडतत्त्वलाई जगत् वा प्रपञ्चका रूपमा मानेको छ। जगत्मा आकाशादि पञ्चतन्मात्रा, पञ्च-कर्मेन्द्रिय, पञ्च-ज्ञानेन्द्रिय, पञ्च प्राण, मन, बुद्धि, पञ्चीकृत पञ्चमहाभूत, स्थूलशरीर, अनेक लोकयुक्त ब्रह्माण्ड इत्यादि पर्दछन्। वेदान्तका सिद्धान्तमा जगत् मिथ्या वा अनिर्वचनीय मानिन्छ। किनभने जगत् ब्रह्मज्ञानपछि बाधित हुने भएकाले त्रिकालाऽबाध्यरूप सत् हुन सक्तैन, त्यस्तै सद्रूपमा भासित भएकाले असत् पनि हुन सक्तैन, विरोध पर्ने हुनाले सत् असत् उभयरूप हुन पनि सक्तैन। अतः जगत् अनिर्वचनीय सिद्ध हुन्छ। अनिर्वचनीयलाई नै मिथ्या भनिएको हो। जगत् ब्रह्मको विवर्त र मायाको परिणाम मानिन्छ।

६.७. बन्ध

अविद्या, अज्ञान वा अध्यास नै बन्ध हो। वेदान्तदर्शनले नित्य, शुद्ध, बुद्ध, मुक्त, सर्वज्ञ, सर्वशक्तिमान्, व्यापक, अकर्ता, अभोक्ता ब्रह्मरूप जीवात्मालाई भ्रमले गर्दा अनित्य, अल्पज्ञ, अल्पशक्तिमान्, परिच्छिन्न, कर्ता, भोक्ता इत्यादि रूपमा ज्ञान गर्नु नै अविद्या हो, त्यो नै बन्ध हो भन्ने मानेको छ[1]। प्रपञ्च बन्धका

---

१. ▪ भ्रान्त्या प्राप्तो जीवभावो न सत्यो मोहापाये नास्त्यवस्तुस्वभावात्।

—विवेकचूडामणि, श्लो.१९८।

▪ त्वं परमात्मानं सन्तमसंसारिणं संसार्यहमस्मीति विपरीतं प्रतिपद्यसे, अकर्तारं सन्तं कर्तेति, अभोक्तारं सन्तं भोक्तेति, विद्यमानं चाऽविद्यमानमिति। इयमविद्या।

—उपदेशसाहस्री (गद्यभाग) ५०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा मानिनुको कारण पनि प्रपञ्चको अस्तित्व अज्ञान वा अध्यासले मात्र सिद्ध हुने भएकाले हो। प्रपञ्च नभै दुःख हुँदैन। किनभने विषयजन्य सुख वा दुःखको हेतु प्रपञ्च हो भने प्रपञ्चको हेतु चाहिँ अज्ञान हो[1]। त्यसैले अज्ञान नै बन्ध हो।

अविद्या वा अध्यास बन्ध हो र बन्धको कारण भने मन हो भन्ने वेदान्तको सिद्धान्त रहेको छ– **"मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः"** (ब्रह्मबिन्दूपनिषद् २), **"अतः सर्वस्य जीवस्य बन्धकृन् मानसं जगत्"** (पञ्चदशी ४।३५)।

६.८. विद्या

पाणिनीय-व्याकरणअनुसार ज्ञानार्थक विद्धातुमा क्यप् प्रत्यय जाडेर विद्याशब्द व्युत्पन्न गरिने हुँदा विद्याको अर्थ सामान्यतया ज्ञान भन्ने बुझिन्छ। वेदान्तदर्शनले विद्या भनेको वस्तुको यथार्थरूपको ज्ञान भन्ने मानेको छ[2]। अविद्या वा अज्ञानले जीव बन्धनमा पर्छ र विद्याद्वारा अविद्याको विनाश भै मोक्ष सिद्ध हुन्छ भन्ने वेदान्तको सिद्धान्त रहेको छ।

६.९. मोक्ष (मुक्ति)

जीव ब्रह्मभन्दा अभिन्न भएको हुनाले मूल अज्ञानको निवृत्ति भै जीव आफ्नो वास्तविक रूपमा आविर्भूत हुनु नै मोक्ष वा मुक्ति हो भन्ने वेदान्तदर्शनको सिद्धान्त रहेको छ[3]। अतः वेदान्तदर्शनमा मोक्ष प्राप्य नभै नित्यसिद्ध मानिन्छ। अविद्याले गर्दा अप्राप्त भएजस्तो मोक्ष विद्याले अविद्या निवृत्त भएपछि प्राप्त भएजस्तो हुन्छ। वास्तवमा मोक्ष प्राप्य वस्तु होइन, किनभने अप्राप्त वस्तु नै प्राप्य हुनसक्छ, मोक्ष नित्यप्राप्त भएको हुनाले प्राप्य हुन सक्तैन।

वेदान्तदर्शनमा मोक्ष **जीवन्मुक्ति** र **विदेहमुक्ति** गरी दुइ प्रकारका मानिएका छन्। आत्मसाक्षात्कार गर्ने व्यक्तिको देहपात नहुँदै हुने मुक्तिलाई जीवन्मुक्ति भनिन्छ भने देहपातपछि हुने मुक्तिलाई विदेहमुक्ति भनिन्छ।

---

१. ▪ एषाऽविद्या यन्निमित्तः संसारो जाग्रत्-स्वप्न-लक्षणः।—उपदेशसाहस्री ११०।

▪ अविद्या संसारः, विद्यैव चाऽविद्यानिवृत्तिः।—ब्रह्मसिद्धि, नियोगकाण्ड, पृ.५७८।

२. तमेतमेवंलक्षणमध्यासं पण्डिता अविद्येति मन्यन्ते, तद्विवेकेन वस्तुस्वरूपावधारणं विद्यामाहुः।—ब्रह्मसूत्र-अध्यासभाष्य।

३. ▪ परं ज्योतिरुपसम्पद्य स्वेन रूपेणाऽभिनिष्पद्यते।—छान्दोग्योपनिषद् ८।३।४।

▪ ब्रह्मैव सन् ब्रह्माऽप्येति।—बृहदारण्यकोपनिषद् ४।४।६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.१०. मोक्षको साधन

मोक्ष भनेको अविद्याको निवृत्ति भएको हुनाले मोक्षको साधन विद्या मात्र हुन सक्छ[१]। "अविद्यास्तमयो मोक्षः सा च बन्ध उदाहृतः" भनेर वेदान्तदर्शनले बन्ध भनेको अविद्या हो र अविद्याको निवृत्ति नै मोक्ष हो भन्ने मानेको छ। त्यसैले जीव र ब्रह्मको भेदज्ञानरूपी अविद्याको विनाश गर्ने जीव-ब्रह्मैक्यज्ञान (ब्रह्मज्ञान) नै मोक्षको साधन हो भन्ने वेदान्तको सिद्धान्त देखिन्छ[२]। वेदान्तदर्शनले मोक्षलाई सद्योमुक्ति र क्रममुंक्ति गरी दुइ प्रकारको मानेको छ। आत्मसाक्षात्कार गर्ने व्यक्ति देह छुट्ने बित्तिकै आत्मस्वरूप हुने हुँदा सद्योमुक्त हुन्छ[३] भने सगुणब्रह्मोपासक इत्यादि क्रममुक्तिको अधिकारी व्यक्ति अर्चिरादिमार्गबाट ब्रह्मलोकमा पुगेर त्यहीँ आत्मसाक्षात्कार गरी कार्यब्रह्मको अधिकार समाप्त भएर कार्यब्रह्म मुक्त हुँदा कार्यब्रह्मसँगै मुक्त हुन्छ[४]।

प्रारम्भमा अर्चि अर्थात् ज्वालामा प्राप्त हुने भएकाले यस मार्गलाई अर्चिरादिमार्ग भनिएको हो। अर्चिरादिमार्गलाई नै उत्तरमार्ग वा देवयानमार्ग पनि भनिन्छ। छान्दोग्योपनिषद्‌मा पञ्चाग्निवेत्ता गृहस्थ, नैष्ठिक ब्रह्मचारी, वानप्रस्थ, सन्न्यासी इत्यादि जीव देहत्याग गरेपछि अर्चिरादिमार्गबाट ब्रह्मलोकमा पुग्ने कुरा बताइएको छ। यस मार्गबाट जाने जीव शरीरबाट निस्केपछि सर्वप्रथम अग्निका अभिमानी देवतामा, त्यहाँबाट दिनका अभिमानी देवतासम्म, त्यहाँबाट शुक्लपक्षका अभिमानी देवतासम्म, त्यहाँबाट उत्तरायणका ६ मासका अभिमानी देवतासम्म, त्यहाँबाट संवत्सरका अभिमानी देवतासम्म, त्यहाँबाट सूर्यका अभिमानी

---

१. ■ तमेव विदित्वाऽतिमृत्युमेति नाऽन्यः पन्था विद्यतेऽयनाय।
—मा.वा.शुक्लयजुर्वेद ३१।१८, श्वेताश्वतरोपनिषद् ३।८।

■ न योगेन न साङ्ख्येन कर्मणा नो न विद्यया।
ब्रह्मात्मैकत्वबोधेन मोक्षः सिद्ध्यति नाऽन्यथा॥—विवेक-चूडामणि, श्लो.५८।

२. ■ तदेव निष्कलं ब्रह्म निर्विकल्पं निरञ्जनम्।
तद्ब्रह्माऽहमिति ज्ञात्वा ब्रह्म सम्पद्यते ध्रुवम्॥—ब्रह्मबिन्दूपनिषद् ८।

■ ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम्।—गीता १८।५५।

३. न तस्य प्राणा उत्क्रामन्ति, ब्रह्मैव सन् ब्रह्माप्येति।—बृहदारण्यकोपनिषद् ४।४।६।

४. ब्रह्मणा सह ते सर्वे सम्प्राप्ते प्रतिसञ्चरे।
परस्यान्ते कृतात्मानः प्रविशन्ति परं पदम्॥—कूर्मपुराण १।१२।२७३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवतासम्म, त्यहाँबाट चन्द्रमाका अभिमानी देवतासम्म, त्यहाँबाट विद्युत्का अभिमानी देवतासम्म र त्यहाँबाट कार्यब्रह्मलोकमा प्राप्त हुन्छ।[1]

अर्चिरादिमार्गका अनधिकारी कर्मी व्यक्तिहरूलाई भने धूमादिमार्ग (दक्षिणमार्ग, पितृयाण) प्राप्त हुन्छ। उनीहरू धूमादिमार्गबाट चन्द्रलोकमा पुग्छन् र कर्मको फल समाप्त भएपछि पुनः फर्केर यहीं मनुष्यलोकमा आआफ्नो कर्मानुसार ब्राह्मणादि उत्कृष्ट जन्म वा चाण्डालादि निकृष्ट जन्म लिन्छन् (द्रष्टव्य– छान्दोग्योपनिषद् ५।१०।३–६)।

६.११. आत्मज्ञानका साधन

"अथाऽतो ब्रह्मजिज्ञासा" (ब्रह्मसूत्र १।१।१) सूत्रमा आएको अथ शब्दले अनन्तर भन्ने अर्थ दिने हुँदा कुनै कुरा भएपछि ब्रह्मज्ञान गर्ने अधिकारी हुने कुरा बताएको छ। यहाँ अथ शब्दको अर्थ वेदाध्ययनपछि भन्ने अर्थ त स्वीकार गर्नै पर्छ[2]। त्यति मात्र नभएर साधनचतुष्टययुक्त भएपछि भन्ने पनि अथ शब्दको अर्थ हो[3]। साधनचतुष्टय भनेका **१. नित्याऽनित्यवस्तुविवेक, २. इहाऽमुत्रार्थफलभोग-विराग, ३. शम, दम, तितिक्षा, उपरति, श्रद्धा, समाधान तथा ४. मुमुक्षुत्व** यी चार तत्त्व हुन्। त्यसैले आत्मज्ञानको मुख्य साधन साधनचतुष्टय हो। साधनचतुष्टययुक्त हुनका लागि कर्मको पनि अपेक्षा हुन्छ। शास्त्रनिर्दिष्ट कर्मद्वारा चित्त शुद्ध भएपछि नै साधनचतुष्टययुक्त हुन सक्छ र आत्मज्ञान उत्पन्न हुन सक्छ।

मोक्षको साधन आत्मज्ञान मात्र भए पनि "तमेतं वेदानुवचनेन ब्राह्मणा विविदिषन्ति यज्ञेन दानेन तपसाऽनाशकेन" (बृहदारण्यकोपनिषद् ४।४।२२) भनेर

---

१. अथ यदु चैवाऽस्मिञ्छव्यं कुर्वन्ति यदि च नाऽर्चिषमेवाऽभिसम्भवन्त्यर्चिषोऽहरह्न आपूर्यमाणपक्षमापूर्यमाणपक्षाद् यान् षडुदङ्ङेति मासाँस्तान्। मासेभ्यः संवत्सरं संवत्सरादादित्यमादित्याच् चन्द्रमसं चन्द्रमसो विद्युतं तत्पुरुषोऽमानवः स एनान् ब्रह्म गमयत्येष देवपथो ब्रह्मपथ एतेन प्रतिपद्यमाना इमं मानवमावर्तं नाऽऽवर्तन्ते।—छान्दोग्योपनिषद् ४।१५।५।

२. नित्यस्वाध्यायविधितोऽधीत्य वेदान्तमस्य ये।
संशेरतेऽर्थे ते सूत्रभाष्यादिष्वधिकारिणः॥—विवरणप्रमेयसङ्ग्रह, श्लो.३।

३. स्वाध्यायानन्तर्यं तु समानम्। ...तस्मात् किमपि वक्तव्यं यदनन्तरं ब्रह्मजिज्ञासोपदिश्यत इति। उच्यते– नित्यानित्यवस्तुविवेकः, इहामुत्रार्थभोगविरागः, शमदमादिसाधनसम्पत्, मुमुक्षुत्वं च। तेषु हि सत्सु प्रागपि धर्मजिज्ञासाया ऊर्ध्वं च शक्यते ब्रह्म जिज्ञासितुं ज्ञातुं च...।
—ब्रह्मसूत्र-शाङ्करभाष्य १।१।१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतिले यज्ञादिद्वारा आत्माको ज्ञानको इच्छा जागरित गर्ने प्रयास गर्ने कुरा बताएकाले आत्मज्ञानको उत्पत्तिमा यज्ञादिकर्म सहकारी हुने कुरा बुझिन्छ। गीताले पनि "सर्वं कर्माऽखिलं पार्थ ज्ञाने परिसमाप्यते" (४।३३) भनेर सबै कर्मको विश्रान्ति ज्ञानमा गएर हुने कुरा बताएको छ। अर्थात् निष्काम कर्मबाट चित्तको शुद्धि र ज्ञानको सुदृढीकरण भै ज्ञानोत्पत्ति र ज्ञानको कार्यकारिता हुने हुँदा परम्परया कर्मको पनि मोक्षमा साधनता सिद्ध हुन्छ। निवृत्त वा निष्काम कर्म ज्ञानोपकारक हुने कुरा श्रुति एवं स्मृतिहरूमा प्रतिपादित देखिन्छ[१]।

६.१२. आत्मज्ञानका (ब्रह्मज्ञानका) अधिकारी

"तद् योयो देवानां प्रत्यबुद्ध्यत स एव तदभवत् तथर्षीणां तथा मनुष्याणाम्" (बृहदारण्यकोपनिषद् १।४।१०) भनेर श्रुतिले देवता, ऋषि र मनुष्यको आत्मज्ञानमा (ब्रह्मज्ञानमा/ब्रह्मविद्यामा) अधिकार हुने कुरा बताएको छ। देवताको आत्मज्ञानमा अधिकार हुन्छ भन्ने कुरा ब्रह्मसूत्रमा पनि प्रतिपादित छ[२]। मनुष्यहरूमध्ये वेदाध्ययनमा अधिकार भएका द्विजातिहरू, सबै आश्रमीहरू[३] र आश्रमान्तरालस्थहरू[४] (दुइ आश्रमका बीचमा रहेका, अनाश्रमीहरू) आत्मज्ञानका अधिकारी हुन्छन्। वेदाध्ययनका निम्ति गरिने उपनयनमा अधिकार नभएकाले[५] र वेदाध्ययनविना मुख्य आत्मज्ञानमा अधिकार नहुने हुँदा सामान्यतया आत्मज्ञानमा शूद्रको अधिकार हुँदैन भन्ने कुरा ब्रह्मसूत्रमा प्रतिपादन गरिएको छ[६]। किन्तु शूद्रलाई पनि पूर्वजन्मको

---

१. ▪ कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः।
एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे॥—ईशावास्योपनिषद् २।

▪ सुखाऽऽभ्युदयिकं चैव नैश्श्रेयसिकमेव च।
प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म वैदिकम्॥—मनुस्मृति १२।८८।

▪ महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः।—मनुस्मृति २।२८।

▪ असक्तो ह्याचरन् कर्म परमाप्नोति पूरुषः।—गीता ३।१९।

२. तदुपर्यपि बादरायणः सम्भवात्।—ब्रह्ममीमांसासूत्र १।३।२६।

३. ब्रह्मचारी गृहस्थो वा वानप्रस्थो यतिस्तथा।
आत्मज्ञानेन मुच्यन्ते यत्रतत्राऽऽश्रमे रताः॥—बृहद्योगियाज्ञवल्क्यस्मृति ११।४४।

४. अन्तरा चाऽपि तु तद्दृष्टेः।—ब्रह्ममीमांसासूत्र ३।४।३६।

५. न शूद्रे पातकं किञ्चिन्न च संस्कारमर्हति।—मनुस्मृति १०।१२६।

६. ब्रह्ममीमांसासूत्र १।३।३४—१।३।३८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कारले गर्दा पुराणादिबाट आत्मज्ञान हुन सक्छ भन्ने कुरा शाङ्करभाष्यमा उल्लिखित छ[1]। गार्गी, मैत्रेयी इत्यादिको ब्रह्मविद्यामा अधिकार देखिनाले[2] द्विजातिस्त्रीहरूको पनि आत्मज्ञानमा अधिकार भएको देखिन्छ[3]।

७. अद्वैत-वेदान्तदर्शनका कतिपय वाद एवम् सिद्धान्तहरू

अद्वैत-वेदान्तको मूल सिद्धान्त ब्रह्मको अद्वैतत्वका विषयमा आचार्यहरूको मतभेद नभए पनि अन्य प्रक्रियागत विषयमा भने मतभेद रहेको देखिन्छ। उक्त मतभेद ती विषयहरू मुख्य प्रतिपाद्य विषय नभएका हुँदा तिनीहरूलाई विशेष महत्त्व नदिनाले र व्यक्तिहरूको बुद्धिको विविधताले गर्दा भएको देखिन्छ। यस मतभेदको विषयलाई सिद्धान्तलेशसङ्ग्रहमा अप्पय दीक्षितले **"प्राचीनैर् व्यवहार-सिद्धविषयेष्वात्मैक्यसिद्धौ परं सन्नह्यद्भिरनादरात् शरणयो नानाविधा दर्शिताः"**[4] (प्राचीन आचार्यहरूले ब्रह्मात्मैक्यसिद्धिमा [ब्रह्म र जीवात्माको एकत्व सिद्ध गर्नमा] नै विशेष संलग्न भएका हुँदा व्यवहारबाटै सिद्ध हुने विषयमा आदर नगरेर अनेक मार्गहरू देखाएका छन्) भनेर स्पष्ट पारेका छन्। यहाँ ती विभिन्न मतहरू-मध्ये कतिपय प्रमुख मतहरूको संक्षिप्त परिचय उपस्थापित गरिन्छ।

७.१. भामतीप्रस्थान र विवरणप्रस्थान

अद्वैत-वेदान्तमा शङ्करभगवत्पादबाट प्रतिपादित सिद्धान्त प्रायः मान्य रहेको छ। शङ्करभगवत्पादपछिका आचार्यहरूका प्रतिपादनमा भने प्रक्रियागत केही विषयमा मतभेद देखिन्छ। अद्वैत-वेदान्तमा ब्रह्मसूत्र-शाङ्करभाष्यको व्याख्याका रूपमा आएको वाचस्पतिमिश्रकृत भामती व्याख्याका आधारमा भामतीप्रस्थान एवं पद्मपादकृत ब्रह्मसूत्र-शाङ्करभाष्यकै व्याख्या पञ्चपादिका र

---

१. येषां पुनः पूर्वकृतसंस्कारवशाद् विदुरधर्मव्याधप्रभृतीनां ज्ञानोत्पत्तिस्तेषां न शक्यते फल-प्राप्तिः प्रतिषेद्धुं ज्ञानस्यैकान्तिकफलत्वात्। "श्रावयेच्चतुरो वर्णान्" इति चेतिहासपुराणा-धिगमे चातुर्वर्ण्यस्याधिकारस्मरणात्। वेदपूर्वकस्तु नास्त्यधिकारः शूद्राणामिति स्थितम्। —ब्रह्ममीमांसासूत्र-शाङ्करभाष्य १।३।३८।

२. ▪ अथ हैनं गार्गी वाचक्नवी पप्रच्छ ....।—बृहदारण्यकोपनिषद् ३।६।१।
▪ आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यो मैत्रेयय्यात्मनो वा..।—पूर्ववत् २।४।३।

३. द्रष्टव्य— ब्रह्ममीमांसासूत्र-कौण्डिन्न्यायनवृत्ति १।३।३८, पृ. ७४।

४. सिद्धान्तलेशसङ्ग्रह, प्रथम परिच्छेद, श्लो.२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको व्याख्या प्रकाशात्मयतिको विवरणका आधारमा विवरणप्रस्थान प्रसिद्ध छन्। तिनमा केही विषयमा मतभेद देखिन्छ। उक्त मतभेदका विषयमध्ये प्रमुख केही विषयको यहाँ उल्लेख गरिन्छ।

भामतीप्रस्थानमा जीवलाई अवच्छिन्न मानिएको छ भने विवरणप्रस्थानमा प्रतिबिम्बरूप मानिएको छ। भामतीकारका मतमा ब्रह्मसाक्षात्कारको करण मन हो भने विवरणप्रस्थानमा ब्रह्मसाक्षात्कारको करण शब्द मानिएको छ। भामतीप्रस्थानले यज्ञादि कर्मको उपयोग ज्ञान गर्ने इच्छा जागरित गर्नमा स्वीकारेको छ भने विवरणप्रस्थानले कर्मको ज्ञानोत्पत्तिमा सहकारिता स्वीकारेको छ। **'श्रोतव्यः'** यस वाक्यमा भामतीप्रस्थानले विधि स्वीकार गरेको छैन भने विवरणप्रस्थानले नियमविधि मानेको छ। भामतीप्रस्थानमा अज्ञानको आश्रय जीव र विषय ब्रह्म भनिएको छ भने विवरणप्रस्थानमा अज्ञानको आश्रय र विषय दुवै ब्रह्म हो भन्ने मानिएको छ।[1]

७.२. प्रतिबिम्बवाद

जीवको स्वरूपका विषयमा विचार गर्ने क्रममा अद्वैत-वेदान्तका आचार्यहरूका विभिन्न वादहरू स्थापित भएका देखिन्छन्। ती वादहरूमध्ये विवरणप्रस्थानका अनुयायी आचार्यहरूको मत प्रतिबिम्बवाद रहेको छ।

प्रतिबिम्बवादअनुसार जीव र ईश्वरको विभागको उदाहरणका रूपमा प्रतिबिम्बलाई प्रस्तुत गरिन्छ। जसरी सूर्य एउटै भए पनि त्यसको समुद्र, तलाउ इत्यादिमा प्रतिबिम्ब पर्दा अनेक रूप देखिन्छ त्यसै गरी एउटै ईश्वरको पनि अन्तःकरणमा अथवा अविद्यामा प्रतिबिम्ब पर्दा अनेकरूपता देखिन्छ। यस मतमा श्रुति र सूत्र दुवैको समर्थन[2] छ भन्ने प्रतिबिम्बवादीहरूको भनाइ छ।

यस प्रतिबिम्बवादमा पनि ईश्वरलाई बिम्ब र जीवलाई मात्र प्रतिबिम्ब मान्ने तथा ईश्वर र जीव दुवैलाई प्रतिबिम्ब मानेर शुद्ध चैतन्यलाई (ब्रह्मलाई)

---

१. द्रष्टव्य– भामतीटीकोपेतं ब्रह्मसूत्रशाङ्करभाष्यम् (चतुःसूत्रीपर्यन्तम्), भूमिका, पृ.१४–१७।

२. ▪ एक एव हि भूतात्मा भूतेभूते व्यवस्थितः।
एकधा बहुधा चैव दृश्यते जलचन्द्रवत्॥–ब्रह्मबिन्दूपनिषद् १२।

▪ अत एव चोपमा सूर्यकादिवत्।–ब्रह्ममीमांसासूत्र ३।२।१८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिम्ब मान्ने गरी दुइथरि मत देखिन्छन्। ईश्वरलाई पनि प्रतिबिम्ब मान्ने मतमा मायामा चैतन्यको प्रतिबिम्ब ईश्वर र अविद्यामा वा अन्तःकरणमा चैतन्यको प्रतिबिम्ब जीव मानिन्छ। जीवको उपाधि एकजीववादमा अविद्या मानिन्छ भने अनेकजीववादमा अन्तःकरण मानिन्छ। सूर्य र जलको उदाहरणमा सूर्य र जल अलग-अलग स्थानमा रहेका मूर्त वस्तु भएका हुनाले तिनको प्रतिबिम्ब सम्भव भए पनि आत्मा नीरूप तथा सर्वव्यापी भएको हुनाले सूर्यको उपमा समन्वित हुँदैन कि भन्ने शङ्का उत्पन्न हुन्छ। किन्तु यहाँ उपाधिले गर्दा वृद्धि, ह्रास इत्यादि अनुभूत हुन्छ भन्ने कुरामा सूर्य एवं आत्मा दुवैमा समानता भएकाले सूर्यको उपमा सम्भव हुन्छ[१]।

७.३. अवच्छेदवाद

भामतीप्रस्थानका अनुयायी आचार्यहरू भने प्रतिबिम्बवादलाई अस्वीकार गर्दै ईश्वर र जीवको भेदका लागि अवच्छेदवाद उपयुक्त हुने कुरा मान्दछन्। नीरूप र सर्वव्यापी आत्माको प्रतिबिम्ब सम्भव नहुने भएकाले अवच्छेदवाद स्वीकार गर्नुपर्ने भन्ने उनीहरूको मत देखिन्छ।

जसरी व्यापक आकाशलाई घटले अवच्छिन्न (छुट्ट्याउने काम) गरेर घटाकाश र महाकाश भन्ने भेद हुन्छ त्यसै गरी सर्वव्यापक आत्मालाई पनि अन्तःकरण वा अविद्याले अवच्छिन्न गरेर ईश्वर र जीवका रूपमा भिन्न गराउँछ भन्ने अवच्छेदवादी आचार्यहरूको मत देखिन्छ। यस पक्षमा श्रुतिको समर्थन रहेको[२] भन्ने उनीहरूको भनाइ छ।

७.४. आभासवाद

"आभास एव च" (ब्र.मी.सू. ३।२।५०) इत्यादि सूत्रका आधारमा प्रतिबिम्ब-वादी आचार्यमध्ये नै केही आचार्यहरू प्रतिबिम्बरूप जीवलाई आभास मात्र हो भन्ने मान्दछन्[३]। त्यसैले आभासवाद प्रतिबिम्बवादभित्रकै एक प्रकार हो भन्ने

---

१. वृद्धिह्रासभाक्त्वमन्तर्भावादुभयसामञ्जस्यादेवम्।—ब्रह्ममीमांसासूत्र ३।२।२०।

२. घटसंवृतमाकाशं नीयमाने यथा घटे।
घटो नीयेत नाऽऽकाशं तद्वज् जीवो नभोपमः॥—ब्रह्मबिन्दूपनिषद् १३।

३. वाचस्पतेरवच्छेद आभासो वार्त्तिकस्य च।
संक्षेपशारीरकृतां प्रतिबिम्बमिहेष्यते॥—द्रष्टव्य— शांकर-वेदान्त, पृ.१७४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ। दर्पणमा देखिएको मुख बिम्बमै (घाँटीमा रहेको वास्तविक मुखमै) दर्पणको सन्निधानरूपी दोषले गर्दा प्रत्यङ्मुख (उल्टो मुख), दर्पणस्थ (दर्पणमा रहनु) इत्यादि मात्रको अध्यास मान्दा उपपन्न हुन सक्ने हुँदा मुखको अध्यास स्वीकार गर्न आवश्यक छैन; अतः बिम्ब र प्रतिबिम्बमा ऐक्य भएको हुँदा प्रतिबिम्ब मिथ्या हैन भन्ने प्रतिबिम्बवादीहरूको मत देखिन्छ भने आभासवादीहरू चाहिँ प्रतिबिम्बलाई अध्यस्त भएको हुँदा स्वरूपतः मिथ्या नै हो भन्ने मान्दछन्।[1]

७.५. अजातवाद

उत्तम अधिकारीका लागि अजातवादको, मध्यम अधिकारीका लागि दृष्टि-सृष्टिवादको र अधम अधिकारीका लागि सृष्टिदृष्टिवादको उपदेश गरिन्छ भन्ने वेदान्तका आचार्यहरूको मत देखिन्छ। अजातवादका समर्थक आचार्य गौडपाद रहेका छन्। उनको माण्डूक्योपनिषद्का कारिकामा यस मतको प्रतिपादन गरिएको छ। यस सिद्धान्तमा पारमार्थिक रूपमा परमार्थ मात्र सत्य भएको हुनाले जगत्को उत्पत्ति वा लय, बद्ध वा साधक, मुमुक्षु वा मुक्त केही पनि छैन भन्ने मानिन्छ[2]। त्यसैले जीवको उत्पत्ति हुँदैन भन्ने सिद्धान्तका आधारमा यसलाई अजातवाद भनिएको हो। यसको उल्लेख ब्रह्मबिन्दूपनिषद्मा गरिएको छ–

न निरोधो न चोत्पत्तिर्न बन्धो न च शासनम्।
न मुमुक्षा न मुक्तिश्च इत्येषा परमार्थता॥–ब्रह्मबिन्दूपनिषद् १०।

७.६. एकजीववाद

वेदान्तदर्शनमा जीवलाई एउटा मान्ने र अनेक मान्ने दुइथरि मत पाइन्छ। जीवको उपाधि अविद्या मान्ने आचार्यहरूका मतमा एउटा मात्र जीव स्वीकार गरिन्छ। एउटा जीव भएको हुँदा एउटा शरीर मात्र सजीव हुन्छ भने अरू शरीरहरू स्वप्नमा (सपनामा) देखिएका शरीर जस्तै निर्जीव हुन्छन्। संसार त्यही एउटा जीवको अज्ञानद्वारा कल्पित मानिन्छ। एउटा मात्र जीव भएको हुनाले कोही बद्ध हुने र कोही मुक्त हुने भन्ने व्यवस्था पनि हुँदैन।[3]

---

१. द्रष्टव्य– सिद्धान्तलेश-सङ्ग्रह, द्वितीय-परिच्छेद, पृ.३१६–३३०।

२. न निरोधो न चोत्पत्तिर्न बद्धो न च साधकः।
न मुमुक्षुर्न वै मुक्त इत्येषा परमार्थता॥–गौडपादकारिका, वैतथ्यप्रकरण, कारिका ३२।

३. द्रष्टव्य– सिद्धान्तलेशसङ्ग्रह, प्रथम परिच्छेद, पृ.१२१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.७. अनेकजीववाद

एकजीववादमा बद्ध र मुक्तको व्यवस्था हुन नसक्ने हुनाले धेरै जसो वेदान्तका आचार्यहरू अनेकजीववाद स्वीकार गर्दछन्। अनेकजीववाद मान्नेहरूका मतमा जीवको उपाधि अन्तःकरण हो। प्रत्येक प्राणीहरूको अन्तःकरण भिन्न-भिन्न हुने हुनाले त्यसमा प्रतिबिम्बित वा अवच्छिन्न चैतन्यरूप जीव पनि भिन्न-भिन्न वा अनेक हुन्छन्। यसरी जीवलाई अनेक मानेपछि जुन जीवमा आत्मज्ञान उत्पन्न हुन्छ त्यो मुक्त हुन्छ र अन्य जीव भने बद्ध नै हुन्छन् भन्ने वेदान्तको सिद्धान्तमा[1] कुनै विरोध पर्दैन।

७.८. दृष्टिसृष्टिवाद

स्वप्नावस्थामा अनेक वस्तुको दृष्टिद्वारा नै सृष्टि भएजस्तै जाग्रदवस्थामा पनि दृष्टिद्वारा नै सम्पूर्ण प्रपञ्चको सृष्टि हुन्छ भन्ने सिद्धान्त दृष्टिसृष्टिवादी आचार्यहरूको देखिन्छ। स्वप्नावस्थाका पदार्थहरू चक्षु इत्यादि ज्ञानेन्द्रियद्वारा अनुभव गरिएको भ्रम भएजस्तै जाग्रदवस्थाका पदार्थहरू पनि चक्षुरादिद्वारा अनुभव हुनु भ्रम नै हो भन्ने उनीहरूको सिद्धान्त देखिन्छ। जुन पदार्थ कल्पित हुन्छ त्यसको अज्ञात सत्ता सम्भव हुँदैन, किनभने त्यसको अस्तित्व भनेकै कल्पनामा आधृत हुने भएकाले कल्पना नभएको अवस्थामा सत्ता रहँदैन।

दृष्टिसृष्टिवादमा प्रत्यक्षद्वारा सिद्ध पदार्थको मात्र कल्पना सम्भव हुन्छ। किनभने कल्पित पदार्थ परोक्ष हुन सक्तैन। त्यसैले यस सिद्धान्तमा श्रुतिबाट मात्र सिद्ध हुने परोक्ष आकाशादिको कल्पना कसरी हुन सक्छ भन्ने प्रश्न उठ्छ। त्यसको समाधानमा दृष्टिसृष्टिवादीहरू आकाशादि परोक्ष पदार्थको कल्पना हुँदैन भन्ने मान्नुपर्छ भन्दछन्। त्यस्तो मान्दा आकाशादिको सृष्टि बताउने श्रुति अप्रमाण होला भन्ने शङ्का उत्पन्न हुन्छ। तर दृष्टिसृष्टिवादीहरू सृष्टिको प्रतिपादन गर्ने श्रुतिको तात्पर्य ब्रह्मात्मैक्यमा अर्थात् अद्वैतत्वमा भएको हुँदा श्रुति अप्रमाण हुँदैन भन्दछन्—

श्रुतीनां सृष्टितात्पर्यं स्वीकृत्येदमिहेरितम्।
ब्रह्मात्मैक्यपरत्वात् तु तासां तन्नैव विद्यते॥

---

१. तद् योयो देवानां प्रत्यबुद्ध्यत स एव तदभवत् तथर्षीणां तथा मनुष्याणाम्।
—बृहदारण्यकोपनिषद् १।४।१०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उल्लेख गरिएको दृष्टिसृष्टिवाद दृष्टि भएका समयमा सृष्टि (दृष्टिसमसमया विश्वसृष्टिः) भन्ने मान्यताअनुसारको हो भने अर्को दृष्टि नै सृष्टि हो अर्थात् दृष्टिभन्दा भिन्न सृष्टि छैन भन्ने दृष्टिसृष्टिवाद पनि वेदान्तदर्शनमा देखिन्छ– "दृष्टिरेव हि विश्वस्य सृष्टिरित्यपरा विधा"।[1]

७.९. सृष्टिदृष्टिवाद

दृष्टिसृष्टिवादमा विश्वास नगर्ने वेदान्तका आचार्यहरू भने सृष्टिदृष्टिवादलाई स्वीकार गर्दछन्। अर्थात् परमात्माद्वारा जगत्को सृष्टि भएपछि दृष्टि भन्ने यसको सिद्धान्त रहेको छ। यस मतअनुसार जगत्को परमात्माद्वारा श्रुतिमा बताइएअनुसारको क्रममा सृष्टि हुने र अज्ञात सत्ता हुने कुरा मानिन्छ। यो सिद्धान्त मान्दा श्रुतिद्वारा प्रतिपादित सृष्टि एवम् सृष्टिक्रममा नै श्रुतिको तात्पर्य छ भन्ने मानिन्छ।

७.१०. परिणामवाद र विवर्तवाद

जगत्को उत्पत्तिका विषयमा विचार गर्ने क्रममा वेदान्तदर्शनले परिणामवादका र विवर्तवादका विषयमा पनि विचार गरेको पाइन्छ। मायायुक्त ब्रह्मबाट जगत्को उत्पत्ति भएको स्वीकार गर्ने वेदान्तले जगत्लाई ब्रह्मको विवर्त र मायाको परिणाम भन्ने मान्दछ। परिणाम भनेको कारणको र कार्यको सत्ता समान प्रकारको हुनु हो भने विवर्त भनेको कारणको र कार्यको सत्ता फरक प्रकारको हुनु हो[2]। डोरीमा सर्प देखिनु विवर्त हो, किनभने डोरीको व्यावहारिक सत्ता र सर्पको प्रातिभासिक सत्ता भएकाले कार्य-कारणको सत्ता फरक प्रकारको छ। दुधको दही परिणाम हो, किनभने दुध र दही दुवैको समान प्रकारको व्यावहारिक सत्ता छ। यहाँ पनि ब्रह्मको पारमार्थिक सत्ता र जगत्को व्यावहारिक सत्ता भएकाले ब्रह्मलाई जगत्को कारणका रूपमा लिंदा जगत् ब्रह्मको विवर्तरूप कार्य भनिन्छ। माया र जगत् दुवैको सत्ता एकै प्रकारको व्यावहारिक सत्ता भएकाले मायालाई जगत्को कारणका रूपमा लिँदा जगत् मायाको परिणामरूप कार्य भनिन्छ। अतः जगत् ब्रह्मको विवर्त तथा मायाको परिणाम हो भनिएको हो।

---

१. द्रष्टव्य– सिद्धान्तलेशसङ्ग्रह, द्वितीय परिच्छेद, पृ.३६२।

२. परिणामो नाम उपादानसमसत्ताककार्यापत्तिः। विवर्तो नाम उपादानविषमसत्ताककार्यापत्तिः।
—वेदान्तपरिभाषा, प्रत्यक्षपरिच्छेद, पृ.५८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.११. ख्यातिवाद

ख्यातिवाद दर्शनका क्षेत्रमा प्रमुख विषयका रूपमा आएको देखिन्छ। भ्रमज्ञानको स्वरूपका विषयमा दार्शनिक दृष्टिकोण नै ख्यातिवाद हो। डोरीमा भासित सर्प वा सिपीमा देखिएको चाँदी भ्रमपूर्ण हुन् भन्ने कुरामा कसैको मतभेद नभए पनि तिनको भान कसरी हुन्छ वा तिनको अस्तित्व कस्तो हो भन्ने विषयमा भने हरेक दर्शनको आआफ्नै दृष्टिकोण रहेको छ। ती दृष्टिकोणलाई पाँच भेदमा विभक्त गरी हेर्ने गरिएको छ– १. आत्मख्याति, २. असत्ख्याति, ३. अख्याति, ४. अन्यथाख्याति र ५. अनिर्वचनीयख्याति[1]। विज्ञानवादी बौद्धहरू **आत्मख्याति** स्वीकार गर्छन्। उनीहरूका मतमा सिपीमा भासित चाँदी बुद्धिगत हो। शून्यवादी बौद्धहरू **असत्ख्याति** मान्दछन्। उनीहरूका मतमा सिपीमा असत् चाँदी नै भासित भएको हो, अर्थात् विपरीत धर्मको कल्पना हो। नैयायिकहरू **अन्यथाख्यातिवादी** हुन्। उनीहरूका मतमा अन्य वस्तुको धर्म अन्य वस्तुमा आरोपित हुन्छ। मीमांसकहरू (प्राभाकर मीमांसकहरू) **अख्याति** मान्दछन्। 'यो सिपी हो', 'त्यो चाँदी हो' यस प्रकारका दुइ यथार्थ ज्ञान परस्परमा मिल्दा 'यो चाँदी हो' भन्ने ज्ञान हुन्छ, भ्रम भन्ने छुट्टै ज्ञान हैन भन्ने उनीहरूको धारणा देखिन्छ।

वेदान्तदर्शनले भने भ्रमज्ञानलाई अनिर्वचनीय मानेको छ। अनिर्वचनीय भनेको सत् र असत् दुवैभन्दा भिन्न हो[2]। वेदान्तले सत् भनेको त्रिकालाऽबाध्य (तीनै कालमा बाधित नहुने) र असत् भनेको कुनै पनि आधारमा कहिले पनि सद्रूपमा भासित नहुने भन्ने मानेको छ। सिपीमा भासित चाँदीलाई सत् मान्न मिल्दैन, किनभने 'यो चाँदी हैन, सिपी हो' भन्ने ज्ञान भएपछि चाँदीको बाध हुन्छ। त्यसलाई असत् भन्न पनि सकिँदैन, किनभने यथार्थ ज्ञान नभएसम्म चाँदीका रूपमा भासित भएको छ। त्यसैले उक्त चाँदीलाई अनिर्वचनीय मान्नुपर्दछ भन्ने वेदान्तदर्शनको मान्यता रहेको छ। मिथ्या भनेको पनि अनिर्वचनीय भनेको हो।

---

१. आत्मख्यातिरसत्ख्यातिरख्यातिः ख्यातिरन्यथा।
तथाऽनिर्वचनीयख्यातिरित्येतत् ख्यातिपञ्चकम्॥

२. प्रत्येकं सदसत्त्वाभ्यां विचारपदवीं न यत्।
गाहते तदनिर्वाच्यमाहुर्वेदान्तवेदिनः॥—त्त्वप्रदीपिका, प्रथमपरिच्छेद, श्लो.१३, पृ.१३६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.१२. त्रिविध सत्ता

वेदान्तदर्शनमा पदार्थ तीन प्रकारका मानिएका हुनाले तिनको सत्ता पनि तीन प्रकारकै स्वीकृत छन्– १. प्रातिभासिक सत्ता, २. व्यावहारिक सत्ता र ३. पारमार्थिक सत्ता। सत् भनेको त्रिकालाबाध्य (तीनै कालमा बाधित नहुने) भनेको हो र असत् भनेको कहिले पनि सत्का रूपमा प्रतीत नहुने भनेको हो। अतः वेदान्तदर्शनमा सत् पदार्थ ब्रह्म मात्र छ। शशविषाण (खरायोको सिङ), बन्ध्यापुत्र इत्यादि असत् पदार्थ हुन्। सत् र असत् दुवैभन्दा भिन्न पदार्थलाई मिथ्या भनिन्छ। ब्रह्मभन्दा अतिरिक्त सम्पूर्ण प्रतीयमान पदार्थ मिथ्या हुन्। मिथ्यापदार्थ ब्रह्मज्ञान हुनुभन्दा पहिला नै बाधित हुने र ब्रह्मज्ञानले मात्र बाधित हुने गरी दुइ प्रकारका मानिएका छन्। ब्रह्मज्ञान हुनुभन्दा पहिला नै बाधित हुने पदार्थको सत्तालाई **प्रातिभासिक सत्ता** भनिन्छ। जस्तै डोरीमा प्रतीयमान सर्प, सिपीमा प्रतीयमान चाँदी इत्यादि। यिनको व्यवहारदशामा नै बाध हुन्छ। ब्रह्मज्ञानले मात्र बाधित हुने पदार्थको सत्तालाई **व्यावहारिक सत्ता** भनिन्छ। सम्पूर्ण घट-पटादि जगत् वा प्रपञ्चको सत्ता व्यावहारिक मानिन्छ। प्रपञ्चको बाध ब्रह्मज्ञानबाट मात्र हुन्छ। एक मात्र ब्रह्म तीनै कालमा बाधित नहुने पदार्थ भएको हुनाले ब्रह्मको सत्ता **पारमार्थिक सत्ता** हो।

८. अद्वैत-वेदान्तदर्शनमा स्वीकृत प्रमाणहरू

व्यवहारमा प्रमाणद्वारा नै प्रमेय वस्तुको सिद्धि हुने हुनाले सबै दर्शनले प्रमाणका विषयमा विचार गरेका छन्। वेदान्तदर्शनमा पनि प्रमाणका विषयमा विचार गरिएको पाइन्छ। ज्ञान दुइ प्रकारको हुन्छ– यथार्थ (बाध नहुने) र अयथार्थ (बाध हुने)। यथार्थ ज्ञान पनि दुइ प्रकारको हुन्छ– अनुभव (वर्तमानकालको ज्ञान) र स्मृति (भूतकालको ज्ञान)। त्यसमा यथार्थ अनुभवलाई प्रमा भनिन्छ। प्रमाको करणलाई प्रमाण भनिन्छ, अर्थात् जेबाट प्रमा उत्पन्न हुन्छ त्यो प्रमाण हो[1]। प्रमाको लक्षणमा बाध नहुने भनेको व्यावहारदशामा अर्थात् ब्रह्मज्ञान नभएसम्म बाध नहुने भन्ने मानिएको हुनाले ब्रह्मज्ञान भएपछि बाधित हुने घटादिको ज्ञानलाई पनि प्रमाणका रूपमा स्वीकार गरिएको छ[2]।

---

१. प्रमाकरणं प्रमाणम्। तत्र स्मृतिव्यावृत्तं प्रमात्वम् अनधिगताऽबाधितविषयज्ञानत्वम्। स्मृतिसाधारणं त्वबाधितविषयज्ञानत्वम्।–वेदान्तपरिभाषा, प्रत्यक्षपरिच्छेद, पृ.९–१०।

२ देहात्मप्रत्ययो यद्वत् प्रमाणत्वेन कल्पितः।
लौकिकं तद्वदेवेदं प्रमाणं त्वाऽऽत्मनिश्चयात्॥–द्र. वेदान्तपरिभाषा, प्रत्यक्षपरिच्छेद, पृ.१३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"व्यवहारे भट्टनयः" (व्यावहारिक विषयमा कुमारिल भट्टको मत मान्य छ) भन्ने वेदान्तीहरूको भनाइ भएको हुनाले वेदान्तदर्शनले भाट्टमीमांसकहरूले मानेजस्तै ६ वटा प्रमाण मान्दछन्– १. प्रत्यक्ष, २. अनुमान, ३. उपमान, ४. शब्द, ५. अर्थापत्ति र ६. अनुपलब्धि। यी प्रमाणहरूको मुख्यरूपमा वेदान्त-परिभाषाका आधारमा यहाँ संक्षेपमा परिचय प्रस्तुत गरिन्छ।

८.१. प्रत्यक्ष

प्रत्यक्ष प्रमाण सबै दर्शनले स्वीकार गरेको र अन्य सबै प्रमाणको पनि आधार भएको हुनाले सबैभन्दा पहिला प्रत्यक्ष प्रमाणकै विषयमा विचार गरिन्छ। प्रत्यक्ष प्रमाको करणलाई प्रत्यक्ष प्रमाण भनिन्छ। चक्षु इत्यादि पाँच इन्द्रियमध्ये कुनै इन्द्रियको विषयसँग संयोग भएर उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष प्रमा भनिन्छ। जस्तै चक्षु इन्द्रियको घटसित (घडासित) संयोग भएर उत्पन्न हुने घटज्ञान प्रत्यक्ष हो।

वेदान्तदर्शनमा प्रत्यक्षादि ज्ञान उत्पन्न हुनका लागि **प्रमाता, प्रमाण** र **प्रमेय** गरी तीन तत्त्व आवश्यक मानिन्छ। यी तीन तत्त्वलाई त्रिपुटी भनिन्छ। अन्तःकरणमा अवच्छिन्न चैतन्यलाई प्रमाता भनिन्छ भने वृत्तिमा अवच्छिन्न चैतन्यलाई प्रमाण भनिन्छ, त्यस्तै विषयमा अवच्छिन्न चैतन्यलाई प्रमेय भनिन्छ। वृत्ति भनेको अन्तःकरणदेखि इन्द्रियका माध्यमबाट विषयदेशसम्म जाने तैजस तत्त्व हो। जसरी कुनै पोखरीको पानी कुलाको माध्यमबाट खेतमा गएर खेतकै आकारमा परिणत हुन्छ त्यसै गरी तैजस अन्तःकरण पनि चक्षु इत्यादि इन्द्रियका माध्यमबाट विषयसम्म पुगेर विषयकै आकारमा परिणत हुन्छ। यही परिणामलाई वृत्ति भनिन्छ।

प्रत्यक्ष प्रमाण **ज्ञानगत** र **विषयगत** गरी दुइ प्रकारको मानिएको छ। माथि उल्लिखित प्रकारले वृत्ति विषयका आधारमा परिणत हुँदा अन्तःकरणको वृत्तिमा अवच्छिन्न चैतन्य र विषयमा अवच्छिन्न चैतन्य अभिन्न हुँदा ज्ञानगत प्रत्यक्ष हुन्छ भने अन्तःकरणमा अवच्छिन्न चैतन्य र विषयमा अवच्छिन्न चैतन्य अभिन्न हुँदा विषयगत प्रत्यक्ष हुन्छ भन्ने वेदान्तको सिद्धान्त रहेको छ।

प्रत्यक्ष ज्ञान प्रकारान्तरले दुइ किसिमको मानिएको छ– **सविकल्पक** र **निर्विकल्पक**। जुन प्रत्यक्ष ज्ञानमा विशेषण अर्थात् नाम, रूप, जाति इत्यादिको पनि बोध हुन्छ त्यसलाई सविकल्पक प्रत्यक्ष भनिन्छ भने जुन प्रत्यक्ष ज्ञानमा उक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषणको बोध हुँदैन, केवल वस्तुमात्रको बोध हुन्छ त्यसलाई निर्विकल्पक प्रत्यक्ष भनिन्छ।

प्रकारान्तरले प्रत्यक्ष पुनः दुइ थरि मानिएको छ– **जीवसाक्षि-प्रत्यक्ष** र **ईश्वरसाक्षि-प्रत्यक्ष**, अर्थात् जीवसाक्षिबाट उत्पन्न हुने प्रत्यक्ष र ईश्वरसाक्षिबाट उत्पन्न हुने प्रत्यक्ष। अन्तःकरणले अवच्छिन्न चैतन्यलाई जीव र मायाले अवच्छिन्न चैतन्यलाई ईश्वर भनिन्छ भने तिनले उपहित चैतन्यलाई साक्षी भनिन्छ। अवच्छिन्न र उपहित भनेको विशेषण र उपाधि भन्ने हो। 'रातो घडा' भन्दा रातो विशेषण हो भने 'घडाले अवच्छिन्न आकाश' भन्दा घडा उपाधि हो।

पूर्वपक्षीहरूले प्रत्यक्ष प्रमाणका आधारमा नानात्व सिद्ध गर्ने प्रयास गरे पनि वेदान्तले स्वीकार गरेको प्रत्यक्षको लक्षणमा चैतन्यको अभेद अपेक्षित भएकाले प्रत्यक्षले पनि वेदान्तको अद्वैतवादको नै समर्थन गरेको देखिन्छ।

८.२. अनुमान

अनुमितिको करणलाई अनुमान प्रमाण भनिन्छ। अनुमिति व्याप्तिज्ञानद्वारा उत्पन्न हुन्छ। व्याप्ति भनेको साधन र साध्यको सामानाधिकरण्य हो। जस्तै **'यत्र-यत्र धूमस् तत्र-तत्र वह्निः'** (जहाँ-जहाँ धुवाँ हुन्छ त्यहाँ-त्यहाँ आगो हुन्छ)। यहाँ धूम साधन र वह्नि साध्य हो, अर्थात् धूमको आधारमा वह्नि सिद्ध हुन्छ। व्याप्तिको ग्रहण सहचारको दर्शन र व्यभिचारको अदर्शनद्वारा हुन्छ।

वेदान्तका सिद्धान्तमा अनुमान अन्वयिरूप एक प्रकारको मात्र मानिएको छ। अनुमान स्वार्थाऽनुमान र परार्थाऽनुमान गरी दुइ प्रकारको हुन्छ। पर्वतमा धुवाँ (साधन) देखेर यो पर्वत (पक्ष) धुवाँयुक्त छ भन्ने (पक्षधर्मता) ज्ञान भएपछि धुवाँ आगोको व्याप्य हो (धुवाँ भएको ठाउँमा आगो अवश्य हुन्छ, त्यसैले आगो व्यापक [धेरै ठाउँमा हुने] र धुवाँ व्याप्य [थोरै ठाउँमा हुने] हो) भन्ने अनुभवको संस्कार उद्‌बुद्ध भएपछि **'अयं पर्वतो वह्निमान्'** (यो पर्वत आगोयुक्त छ) भन्ने अनुमिति ज्ञान उत्पन्न हुन्छ। यसलाई स्वार्थानुमान भनिन्छ। परार्थानुमानमा भने न्यायको (अवयवको) प्रयोग हुन्छ। वेदान्तले तीन अवयव भएपछि अनुमान हुन्छ भन्ने मानेको छ। न्यायदर्शनमा प्रसिद्ध पाँच अवयवमध्ये तीन अवयवले नै अनुमान सिद्ध हुने हुँदा पञ्चावयव वाक्यको प्रयोग आवश्यक छैन। **१. प्रतिज्ञा** (यो पर्वत आगोयुक्त छ), **२. हेतु** (धुवाँयुक्त भएकाले), **३. उदाहरण** (जस्तै भान्सा [भान्सामा धुवाँ हुँदा आगो हुन्छ]), **४. उपनय** (यो पर्वत पनि धूमव्याप्य वह्नियुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ), ५. निगमन (त्यसैले यो वह्नियुक्त छ) यी पाँच अवयवमध्ये प्रतिज्ञा, हेतु र उदाहरण अथवा उदाहरण, उपनय र निगमन तीन अवयवको मात्र प्रयोग अनुमानका लागि पर्याप्त हुन्छ भन्ने वेदान्तिहरूको सिद्धान्त छ।

अनुमानद्वारा वेदान्तीहरू ब्रह्मभिन्न सम्पूर्ण प्रपञ्चको मिथ्यात्व सिद्ध गर्दछन्। **'ब्रह्मभिन्नं सर्वं मिथ्या ब्रह्मभिन्नत्वात् यदेवं तदेवं यथा शुक्तिरूप्यम्'** (ब्रह्मभिन्न सम्पूर्ण प्रपञ्च मिथ्या छ [प्रतिज्ञा], ब्रह्मभिन्न भएकाले [हेतु], जो ब्रह्मभिन्न हुन्छ त्यो मिथ्या हुन्छ [व्याप्ति], जस्तै सिपीमा देखिएको चाँदी [उदाहरण]) यस अनुमानले ब्रह्मभिन्न सम्पूर्ण पदार्थको मिथ्यात्व सिद्ध हुन्छ।

८.३. उपमान

सादृश्य-ज्ञानको करण उपमान प्रमाण भनिन्छ। गाउँमा गाई देखेको व्यक्ति वन जाँदा गवय (नीलगाई) देख्दा उसलाई 'यो पिण्ड गाईजस्तो छ' भन्ने प्रतीति हुन्छ; त्यसपछि यो (गवय) जस्तै मेरो गाई छ भन्ने ज्ञान उत्पन्न हुन्छ। यहाँ गवयमा भएको गो-सादृश्यज्ञान करण हो भने गाईमा भएको गवय-सादृश्यज्ञान फल (उपमिति) हो। यो ज्ञान प्रत्यक्षबाट सम्भव छैन, किनभने त्यति वेला गाईसित इन्द्रियको संयोग भएको छैन। अनुमानबाट पनि यस्तो सादृश्यज्ञान उत्पन्न हुँदैन, किनभने अनुमानका लागि आवश्यक व्याप्तिग्रहण यहाँ हुन सक्तैन।

वेदान्तमा **"तद्वज्जीवो घटोपमः"** (ब्रह्मबिन्दूपनिषद् १३), **"आत्मा ह्याकाश-वज् जीवैर् घटाकाशैरिवोदितः। घटादिवच्च सङ्घातैर् जातावेतन्निदर्शनम्"** (गौड-पादकारिका ३।३) इत्यादि स्थलमा उपमानको प्रयोग भएको छ।

८.४. शब्द (आगम)

वेदान्तदर्शनले सबैभन्दा बलियो प्रमाणका रूपमा शब्दप्रमाणलाई स्वीकारेको छ। शब्दप्रमाणका रूपमा रहेको श्रुति (वेद) नै वेदान्तदर्शनको मुख्य आधार भएकाले र वेदान्तले प्रतिपादन गर्ने मुख्य विषय जीव र ब्रह्मको ऐक्यको (एकताको) ज्ञानको आधार श्रुति नै भएको हुनाले वेदान्तदर्शनमा शब्दप्रमाण सबैभन्दा बलियो मानिएको हो। प्रत्यक्षद्वारा सानो देखिएको चन्द्रमाको परिमाण-लाई शास्त्रका (शब्दप्रमाणका) आधारमा विशाल स्वीकार गरिन्छ। यसका लागि प्रत्यक्षभन्दा शब्द नै बलियो मान्नु पर्ने हुनाले पनि प्रत्यक्षादि भन्दा शब्दप्रमाण नै बलियो ठहर्छ भन्ने वेदान्तीहरूको भनाइ छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन वाक्यको तात्पर्यभूत विषय अर्को प्रमाणद्वारा बाधित हुँदैन त्यो वाक्य प्रमाण हो[1]। वाक्यबाट ज्ञान उत्पन्न हुनमा चार तत्त्व आवश्यक मानिन्छन्– १. आकाङ्क्षा, २. योग्यता, ३. आसत्ति र ४. तात्पर्यज्ञान। पदहरूको परस्परमा जिज्ञासा उत्पन्न गराउने योग्यतालाई आकाङ्क्षा भनिन्छ। योग्यता भनेको तात्पर्यभूत विषय बाधित नहुनु हो ('आगोले सिँचाइ गर्छ' इत्यादि वाक्य बाधित हुनाले त्यस्ता वाक्यमा योग्यता हुँदैन)। आसत्ति भनेको पदार्थको व्यवधानविना उपस्थिति हो। जुन वाक्यको जे बुझाउने योग्यता छ त्यसलाई तात्पर्य भनिन्छ।

पदको अर्थ दुइ प्रकारको हुन्छ– शक्य (अभिधाको विषय) र लक्ष्य (लक्षणाको विषय)। शक्यार्थ भनेको पदको मुख्य अर्थ हो। जस्तै– घट पदको शक्यार्थ बीचमा फुकेको आकारवाला वस्तुविशेष भन्ने हुन्छ। वेदान्तदर्शनमा लक्षणा दुइ प्रकारको मानिएको छ– केवललक्षणा र लक्षितलक्षणा। शक्यार्थसित साक्षात् सम्बन्ध भएमा केवललक्षणा हुन्छ। जस्तै– गङ्गायां घोषः (गङ्गामा गोठ); यहाँ गङ्गाको प्रवाहसित साक्षात् सम्बन्ध भएको तीरमा गङ्गापदको लक्षणा हुन्छ। शक्यार्थसित परम्परया सम्बन्ध भएमा लक्षितलक्षणा हुन्छ। जस्तै– द्विरेफः (दुइटा रेफ); यहाँ दुइ रेफवाला भ्रमरपदका माध्यमले द्विरेफशब्दको भँवरोमा लक्षणा हुन्छ। प्रकारान्तरले लक्षणा तीन प्रकारको मानिएको छ– १. जहल्लक्षणा, २. अजहल्लक्षणा र ३. जहदजहल्लक्षणा वा भागत्यागलक्षणा। जहाँ शक्यार्थलाई छोडेर अन्यार्थको प्रतीति हुन्छ त्यहाँ जहल्लक्षणा हुन्छ। जस्तै– विषं भुङ्क्ष्व (विष खाऊ); यहाँ शक्यार्थलाई छोडेर शत्रुको घरमा नखाउ भन्ने अर्थ लक्षित हुन्छ। जहाँ शक्यार्थलाई नछोडिकन अन्यार्थको प्रतीति हुन्छ त्यहाँ अजहल्लक्षणा हुन्छ। जस्तै– शुक्लो घटः (सेतो घडा); यहाँ शुक्लगुणलाई नछोडिकनै शुक्लगुणयुक्त द्रव्यमा (घडामा) लक्षणावृत्तिले शुक्लशब्दको प्रयोग भएको छ। जहाँ विशिष्टवाचक शब्द एकदेश छोडेर एकदेशमा रहन्छ त्यहाँ जहदजहल्लक्षणा हुन्छ। जस्तै– सोऽयं देवदत्तः (त्यो देवदत्त यो नै हो); यहाँ 'त्यो' र 'यो' विशेषण अंशलाई छोडेर विशेष्य अंश देवदत्त मात्र लक्षित हुन्छ। त्यसै गरी तत्त्वमसि (त्यो [परमात्मा] तिमी [जीव] हौ) यस वाक्यमा पनि जहदजहल्लक्षणा वा भागत्यागलक्षणा हुन्छ। यहाँ सर्वज्ञत्वादि विशिष्ट चैतन्य (परमात्मा) र

---

१. यस्य वाक्यस्य तात्पर्यविषयीभूतसंसर्गो मानान्तरेण न बाध्यते तद् वाक्यं प्रमाणम्।
—वेदान्त-परिभाषा, आगमपरिच्छेद, पृ.१०४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अल्पज्ञत्वादि विशिष्ट चैतन्य (जीव) एउटै हुन नसक्ने हुनाले विशेषण अंशलाई छोडेर विशेष्य अंश (चैतन्य) मात्रमा लक्षणा हुन्छ। वेदान्तपरिभाषाकारले भने **सोऽयं देवदत्तः, तत्त्वमसि** इत्यादिमा भागत्यागलक्षणा मानेका छैनन्। उनका मतमा भागत्यागलक्षणाको उदाहरण **काकेभ्यो दधि रक्ष्यताम्** (कागहरूबाट दहीको रक्षा गरियोस्) हो। यहाँ काकशब्दको शक्यार्थ कागलाई छोडेर दही खाइदिने जन्तु भन्ने अर्थ गरिन्छ र दही खाने कागसमेत सबै जन्तु भन्ने अर्थ गरिन्छ।[1]

शब्द लौकिक र वैदिक गरी दुइ प्रकारका हुन्छन्। वेद (श्रुति) अनादि र अपौरुषेय हुनाले परम प्रमाण मानिन्छ। मीमांसादर्शनले सृष्टि-प्रलय नमानी अनादि-गुरुशिष्य-परम्पराका आधारमा वेदको अनादित्व मानेको छ। किन्तु वेदान्तदर्शनले सृष्टि र प्रलय स्वीकार गरेको छ। तथापि सृष्टि-प्रलयको चक्र अनादि भएकाले र सृष्टिको आदिमा परमेश्वरबाट पूर्व-पूर्वसृष्टिमा जस्तो वेद थियो त्यस्तै वेद मनुष्य-लाई प्राप्त हुने हुनाले वेदको अनादित्व सिद्ध हुन्छ।

८.५. अर्थापत्ति

मीमांसादर्शनले र वेदान्तदर्शनले स्वीकार गरेको पाँचौं प्रमाण अर्थापत्ति हो। न्यायदर्शनले भने अर्थापत्तिलाई व्यतिरेकी अनुमानमा अन्तर्भूत गरेको छ। उपपाद्य (करण/साधन) ज्ञानद्वारा उपपादक (फल) ज्ञानको कल्पना गर्नु अर्थापत्ति हो। जस्तै– **"पीनो देवदत्तो दिवा न भुङ्क्ते"** अर्थात् मोटो देवदत्त दिनमा खाँदैन भन्ने ज्ञानका आधारमा उसले रातमा खान्छ भन्ने कल्पना हुन्छ। यहाँ मोटोपना उपपाद्य हो भने रातमा खानु उपपादक हो। किनभने रातमा खानाले दिउसो नखाने देवदत्त मोटो भएको छ।

अर्थापत्ति दुइ प्रकारको हुन्छ– दृष्टार्थापत्ति र श्रुतार्थापत्ति। जस्तै दृष्टार्थापत्ति– 'यो रजत हो' भन्ने ज्ञान 'यो रजत हैन (शुक्ति हो)' भन्ने ज्ञानले बाधित हुँदा रजत सत्य हुँदा अनुपपन्न हुने हुनाले रजतको मिथ्यात्वको कल्पना गरिन्छ। श्रुतार्थापत्तिमा भने सुनिएको कुरामा अनुपपत्तिका आधारमा अर्को कुराको कल्पना गरिन्छ। जस्तै– बन्ध मिथ्या नभएमा **'तरति शोकमात्मवित्'** (आत्मवेत्ताले शोक [बन्ध] पार गर्छ [नष्ट गर्छ]) भन्ने वाक्यमा सुनिएको शोक भनिने बन्धको ज्ञानद्वारा निवृत्ति अनुपपन्न हुने हुनाले बन्धको मिथ्यात्वको कल्पना गरिन्छ।

१. द्रष्टव्य– वेदान्त-परिभाषा, आगमपरिच्छेद, पृ. ११५–१२४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.६. अनुपलब्धि

भाट्ट मीमांसकहरूले र वेदान्तीहरूले अभावको ग्रहणका लागि अनुपलब्धि भन्ने छुट्टै प्रमाण स्वीकार गरेका छन्। न्यायदर्शनले भने अभावको ग्रहण प्रत्यक्षद्वारा नै हुन्छ भन्ने मानेको छ। किन्तु 'घटको अभाव' भनेको भूतल मात्र भन्ने मान्न मिल्दैन। त्यस्तो मान्दा घटको अभाव भन्ने सिद्ध हुँदैन, पटको अभाव, मठको अभाव, गृहको अभाव इत्यादि अनन्त अभावको आधार भूतल भएको हुनाले घटको अभाव ग्रहण गर्नका लागि भूतलको मात्र ग्रहण गरेर पुग्दैन, घटाभावको पनि ग्रहण गर्नुपर्दछ। किन्तु भूतलको ग्रहण मात्र प्रत्यक्षले हुन सक्छ, अभावको ग्रहण प्रत्यक्षद्वारा हुन सक्दैन। अतः अभावग्रहणका लागि अनुपलब्धि-नामक छुट्टै प्रमाण स्वीकार गर्नुपर्दछ भन्ने भाट्ट मीमांसकहरूको र वेदान्तीहरूको भनाइ देखिन्छ। यद्यपि अभावको ज्ञान प्रत्यक्ष नै हुन्छ तथापि अभावग्रहण गर्ने करण अनुपलब्धि भने छुट्टै स्वीकार गर्नुपर्छ। **"दशमस्त्वमसि"** (दसौँ तिमी हौ) इत्यादि ज्ञान प्रत्यक्ष भए पनि त्यसको करण भने शब्द हो। त्यसैले ज्ञान एउटै भए पनि करण भने फरक-फरक हुन सक्छ भन्ने वेदान्तदर्शनको सिद्धान्त देखिन्छ।

अभाव पदार्थ चाहिँ चार प्रकारको मानिएको छ– १. प्रागभाव, २. प्रध्वंसाभाव, ३. अत्यन्ताभाव र ४. अन्योऽन्याभाव। उत्पत्तिभन्दा पहिला कार्यको कारणमा रहने अभाव प्रागभाव हो, जस्तै– माटोमा (कारणमा) घटको (कार्यको) अभाव। घटलाई फोरेपछि हुने घटको अभाव प्रध्वंसाभाव हो। जुन आधारमा जसको तीनै कालमा अभाव हुन्छ त्यसलाई अत्यन्ताभाव भनिन्छ, जस्तै– वायुमा रूपको अत्यन्ताभाव छ। 'यो (घट) यो (पट) हैन' भन्ने प्रतीतिको विषयलाई अन्योऽन्याभाव भनिन्छ, जस्तै– घटमा पटको अभाव।

९. प्रमाहरूको प्रामाण्य

प्रमामा प्रामाण्य स्वतः नै उत्पन्न हुन्छ र स्वतः नै ज्ञात हुन्छ भने अप्रामाण्य परतः उत्पन्न हुन्छ र परतः नै ज्ञात हुन्छ भन्ने वेदान्तको सिद्धान्त रहेको छ। सांख्यका मतमा प्रमाणत्व र अप्रमाणत्व दुवै स्वतः उत्पन्न हुन्छन्। न्यायका मतमा दुवै परतः उत्पन्न हुन्छन्। बौद्धका मतमा भने अप्रमाणत्व स्वतः र प्रमाणत्व परतः उत्पन्न हुन्छ। मीमांसकका मतमा प्रमाणत्व स्वतः र अप्रमाणत्व परतः उत्पन्न हुन्छ।[1]

---

१. प्रमाणत्वाप्रमाणत्वे स्वतः साङ्ख्याः समाश्रिताः। नैयायिकास्ते परतः, सौगताश्चरमं स्वतः॥
प्रथमं परतः प्राहुः प्रामाण्यं, वेदवादिनः। प्रमाणत्वं स्वतः प्राहुः परतश्चाप्रमाणताम्॥
—सर्वदर्शनसङ्ग्रह, जैमिनिदर्शनप्रकरण, पृ.४७६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाको प्रामाण्य भनेको सफलप्रवृत्तिको जनकत्व र जुन वस्तुको जे स्वरूप हो त्यही रूपको ज्ञान हो। प्रमामा स्वतस्त्व भनेको ज्ञान उत्पन्न हुन जेजति सामग्री आवश्यक हुन्छ त्योभन्दा बढी सामग्री आवश्यक नहुनु नै हो। सम्पूर्ण प्रमारूप ज्ञानमा उक्त प्रकारको स्वतस्त्व भएको हुँदा प्रमारूप ज्ञानमा प्रामाण्य स्वतः नै उत्पन्न हुन्छ र स्वतः उत्पन्न भएको प्रामाण्यको स्वतः नै ग्रहण (ज्ञप्ति) हुन्छ, अन्य प्रमाणको अपेक्षा हुँदैन भन्ने वेदान्तीहरूको मान्यता रहेको छ[1]।

अप्रमा भनेको विफलप्रवृत्तिको जनक र जुन वस्तुको जे स्वरूप हो त्योभन्दा भिन्न प्रकारको ज्ञान हो। अप्रमारूप ज्ञान भने परतः उत्पन्न हुन्छ भन्ने वेदान्तीहरूको मान्यता छ। परतः उत्पन्न हुने भनेको ज्ञानसामग्रीभन्दा अतिरिक्त हेतुबाट उत्पन्न हुनु हो। जस्तै शुक्तिमा (सिपीमा) रजतको (चाँदीको) ज्ञान हुँदा दोष पनि हेतु भएको हुनाले उक्त अप्रमारूप ज्ञानमा स्वतस्त्व रहँदैन, किन्तु दोष पनि हेतु भएकाले परतस्त्व रहन्छ।

दोषका कारणले उत्पन्न अप्रमारूप ज्ञान बाध देखेपछि ज्ञात हुने भएकाले अप्रमाको ग्रहण (ज्ञप्ति) पनि परतः नै हुन्छ भन्ने वेदान्तीहरूको सिद्धान्त छ[2]।

१०. पञ्चदशीको परिचय

विद्यारण्यबाट रचित पञ्चदशी ग्रन्थको नाम यसमा पञ्चदश (१५) प्रकरण भएको हुनाले रहेको देखिन्छ। पञ्चदशी पद्यात्मक भएको हुनाले यसको अभ्यास गर्न सहज छ। यसमा जम्मा १५७१ श्लोक छन्। यसका १५ प्रकरण यस प्रकार छन्– १. तत्त्वविवेकप्रकरण (६५ श्लोक), २. पञ्चभूतविवेकप्रकरण (१०९ श्लोक), ३. पञ्चकोशविवेकप्रकरण (४३ श्लोक), ४. द्वैतविवेकप्रकरण (६९ श्लोक), ५. महावाक्यविवेकप्रकरण (८ श्लोक), ६. चित्रदीपप्रकरण (२९० श्लोक), ७. तृप्तिदीपप्रकरण (२९८ श्लोक), ८. कूटस्थदीपप्रकरण (७६ श्लोक), ९. ध्यानदीपप्रकरण (१५८ श्लोक), १०. नाटकदीपप्रकरण (२६ श्लोक), ११. योगानन्दप्रकरण (१३४ श्लोक), १२. आत्मानन्दप्रकरण (९० श्लोक), १३. अद्वैतानन्दप्रकरण (१०५ श्लोक), १४. विद्यानन्दप्रकरण (६५ श्लोक) र

---

१. द्रष्टव्य– प्रत्यक्तत्त्वप्रदीपिका (चित्सुखी), प्रथमपरिच्छेद, श्लो.२१–२२, पृ.२१५–२१६।

२. अप्रामाण्यस्य तु ज्ञानकारणगतदोषादुत्पत्तिर्बाधाच्च ज्ञप्तिरिति परतस्त्वम्।

–विवरणप्रमेयसङ्ग्रह, अध्यासविचारप्रकरण, पृ.३५३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५. विषयानन्दप्रकरण (३५ श्लोक)। यीमध्ये पछिल्ला ५ प्रकरण ब्रह्मानन्दप्रकरणका ५ अध्याय (उपप्रकरण) हुन्।

(१) तत्त्वविवेकप्रकरणमा संवित्को एकता, संवित्को आत्मत्व, जीव र ब्रह्मको ऐक्य, ईश्वरको स्वरूप, जीवको स्वरूप, पञ्चमहाभूतको सृष्टि, ज्ञानेन्द्रियको उत्पत्ति, अन्तःकरणको उत्पत्ति, कर्मेन्द्रियको उत्पत्ति, प्राणको उत्पत्ति, लिङ्गशरीरको स्वरूप, पञ्चीकरण, ब्रह्माण्डको उत्पत्ति, पञ्चकोशको (अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोशहरूको) परिचय र विवेक, पञ्चकोशविवेकको फल, तत्त्वमसि-वाक्यको विवेचना, तत्त्वमसि-वाक्यको लक्ष्यार्थ, श्रवण-मनन-निदिध्यासनको स्वरूप, समाधिको स्वरूप र फल, परोक्ष र अपरोक्ष ब्रह्मज्ञानको फल इत्यादि विषय प्रतिपादित छन्।

(२) पञ्चभूतविवेकप्रकरणमा पञ्चमहाभूत, तिनका गुण, तिनका कार्य (पञ्च ज्ञानेन्द्रिय), ज्ञानेन्द्रियका कार्य, पञ्च कर्मेन्द्रिय र तिनका कार्य, मन र त्यसको कार्य, सत्त्व रज र तमोगुण तथा तिनका कार्य, इन्द्रियको भौतिकत्व, **'एकमेवाऽद्वितीयम्'** श्रुतिको युक्तिद्वारा प्रतिपादन, त्यस श्रुतिको अर्थमा शङ्का र त्यसको समाधान, भूत एवं भौतिक पदार्थबाट सत्तालाई हटाएपछि ती असत् हुने कुराको प्रतिपादन र अद्वैतताको सिद्धि इत्यादि विषय प्रतिपादित छन्।

(३) पञ्चकोशविवेकप्रकरणमा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोशको परिचय र तिनबाट आत्माको विवेक, **'सत्यं ज्ञानमनन्तं ब्रह्म'** श्रुतिको युक्तिद्वारा प्रतिपादन इत्यादि विषय प्रतिपादित छन्।

(४) द्वैतविवेकप्रकरणमा ईश्वरबाट द्वैतको (सम्पूर्ण प्रपञ्चको) सृष्टि, जीवरूपले शरीरमा प्रवेश, जीवको बन्ध, जीवबाट सप्तान्न (मर्त्यान्न १= व्रीहि इत्यादि अन्न, देवान्न २= दर्श-पूर्णमास, पश्वन्न १=क्षीर, जीवान्न ३= मन, वाक्, प्राण [१+२+१+३=७]) सृष्टि, उक्त पदार्थको स्वरूपतः ईश्वरबाट र ज्ञानद्वारा र कर्मद्वारा जीवबाट सृष्टि, जीवको मानस द्वैतद्वारा बद्धता, मनोराज्यको त्यागद्वारा जीवन्मुक्ति इत्यादि विषय प्रतिपादित छन्।

(५) महावाक्यविवेकप्रकरणमा वेदका 'प्रज्ञानं ब्रह्म', 'अहं ब्रह्माऽस्मि', 'तत् त्वमसि' र 'अयमात्मा ब्रह्म' यी चार महावाक्यको प्रतिपादन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) चित्रदीपप्रकरणमा एउटै वस्त्र जसरी शुभ्र स्वच्छ 'धौत', अन्नलिप्त 'घट्टित', मसी इत्यादिले आकार कोरिएको 'लाञ्छित' र रङ्गद्वारा रङ्ग भोरिएको 'रञ्जित' भनिन्छ त्यसै गरी चैतन्य पनि शुद्ध चैतन्य 'चित्', मायायुक्त 'अन्तर्यामी', समष्टि-सूक्ष्मशरीर-संयुक्त 'सूत्रात्मा' र समष्टि-स्थूलशरीर-संयुक्त 'विराट्' भनिन्छ; वस्त्रमा रहेको चित्र जस्तै जीव पनि आभास मात्र हुन्, विद्या परोक्ष ज्ञान (अस्ति ब्रह्म भन्ने ज्ञान) र अपरोक्ष ज्ञान (अहं ब्रह्म भन्ने ज्ञान) हुन्छ, अपरोक्ष ज्ञानले जीवन्मुक्ति प्राप्त हुन्छ; विभिन्न सिद्धान्तीहरूका मतमा जीवको विवेचना (शरीर नै जीव हो, जीव देहभिन्न नै हो, प्राण जीव हो, मन जीव हो, क्षणिक विज्ञान नै जीव हो, शून्य जीव हो इत्यादि मतको वर्णन) र खण्डन; जीवको परिमाणको विवेचना र अणु र मध्यम भन्ने सिद्धान्तको खण्डन र विभुत्वको साधन, जीवको चिद्रूपत्व, मायाको अनिर्वचनीयत्व, ईश्वरको अन्तर्यामित्व इत्यादि विषय प्रतिपादित छन्।

(७) तृप्तिदीपप्रकरणमा 'आत्मानं चेद् विजानीयादयमस्मीति पूरुषः। किमिच्छन् कस्य कामाय शरीरमनुसञ्ज्वरेत्' (बृ.उ.४।४।१२) यस श्रुतिको विवेचना, जीवन्मुक्तको तृप्तिका (आनन्दका) विषयमा विचार, अज्ञानद्वारा बन्धन र ज्ञानद्वारा मोक्ष, ब्रह्मज्ञानमा फलव्याप्तिको निषेध भए पनि वृत्तिव्याप्तिको अपेक्षा हुने, महावाक्यद्वारा अपरोक्ष ज्ञान भए पनि मनन-निदिध्यासनविना दृढ हुन नसक्ने; वैराग्य उत्पन्न गराउनका लागि स्थूल, सूक्ष्म र कारण तीनै शरीरको दोषप्रदर्शन इत्यादि विषय प्रतिपादित छन्।

(८) कूटस्थदीपप्रकरणमा जीव र ब्रह्मको ऐक्य प्रतिपादनका लागि त्वम्पदवाच्य जीवको स्वरूपको विवेचन, जीवको र कूटस्थको स्वरूप-प्रतिपादन, जीवको र ईश्वरको मायिक भेद इत्यादि विषय प्रतिपादित छन्।

(९) ध्यानदीपप्रकरणमा श्रवण-मनन-निदिध्यासनादिद्वारा ब्रह्मज्ञान गर्न नसक्नेहरूका लागि ब्रह्मको उपासनाको विधान, वेदान्तबाट परोक्ष रूपमा ब्रह्मको ज्ञान गरेर **'अहं ब्रह्माऽस्मि'** (म ब्रह्म हूँ) यस प्रकार उपासना, उक्त विषयमा विविध शङ्का र समाधान, उपासनाको शास्त्रसम्मतत्व, साधनामा लाग्ने व्यक्तिलाई कुनै प्रतिबन्धले गर्दा यस जन्ममा ब्रह्मज्ञान नभएमा पनि अर्को जन्ममा सहज रूपमा ज्ञान प्राप्त हुने, उपासनामा र ज्ञानमा भेद, निर्गुणब्रह्मोपासना गर्नेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्कल्पानुसार यसै लोकमा वा ब्रह्मलोकमा प्राप्त भएर मुक्ति इत्यादि विषय प्रतिपादित छन्।

(१०) नाटकदीपप्रकरणमा परमात्माबाट जगत्को सृष्टि र जीवरूपमा शरीरमा प्रवेश, जीवको र परमात्माको विचारपूर्वकको ज्ञानद्वारा बन्धको निवृत्ति, नाट्यशालाको उदाहरणद्वारा साक्षीको स्वरूप, स्वप्रकाश भएको हुनाले आत्मामा प्रमाणको अपेक्षा हुँदैन इत्यादि विषय प्रस्तुत गरिएका छन्।

(११) योगानन्दप्रकरणमा 'ब्रह्मविदाप्नोति परम्', 'तरति शोकमात्मवित्', 'रसो वै सः, रसं ह्येवायं लब्ध्वाऽऽनन्दी भवति', 'द्वितीयाद् वै भयं भवति', 'आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कुतश्चन' इत्यादि श्रुतिको विवेचना; आत्मज्ञानीको पुण्य र पापबाट निर्लेपता; **'तमेव विदित्वाऽतिमृत्युमेति नाऽन्यः पन्था विद्यतेऽयनाय', 'ज्ञात्वा देवं मुच्यते सर्वपाशैः'** इत्यादि श्रुतिको व्याख्या; छान्दोग्योपनिषद्मा प्रस्तुत नारदको शोकको विवेचना र शोकमुक्तिको उपाय; द्वैतमा दुःख, अद्वैतमा पनि सुख छैन कि भन्ने शङ्का र त्यसको समाधान, आत्माको स्वप्रकाशता, सुषुप्तिमा आनन्द छ तर दुःख छैन भन्ने कुराको अनेक श्रुति, युक्ति र अनुभवका आधारमा प्रतिपादन, माण्डूक्योपनिषद्को **'सुषुप्तिस्थान एकीभूतः प्रज्ञानघन एवानन्दमयो ह्यानन्दभुक् चेतोमुखः'** भन्ने श्रुतिको विस्तृत रूपमा प्रतिपादन, जीवको देहमा तादात्म्याभिमानद्वारा जीव उदासीन, सुखी र दुःखी हुन्छ, मनको निग्रहरूप योगको गीता र श्रुति प्रमाणका आधारमा प्रतिपादन; योगद्वारा चित्तको शुद्धि र चित्त शुद्ध भएपछि ब्रह्मानन्दको प्राप्ति इत्यादि विषय प्रतिपादित छन्।

(१२) आत्मानन्दप्रकरणमा विवेकीका लागि योगद्वारा ब्रह्मानन्दको उपदेश गरेर (योगानन्दप्रकरणमा) अविवेकी जिज्ञासुका लागि आत्मानन्दशब्दवाच्य त्वम्पदार्थको विवेचनद्वारा ब्रह्मानन्दको अनुभव गराउनका लागि **'न वा अरे पत्युः कामाय पतिः प्रियो भवति ......आत्मनस्तु कामाय सर्वं प्रियं भवति'** इत्यादि श्रुतिको विवेचनका माध्यमबाट आत्माको सर्वप्रियत्वसाधन, पुत्रादि गौणात्माको र अन्नमयादि मिथ्यात्माको विवेचन तथा साक्षिरूप मुख्यात्माको प्रतिपादन, योगाभ्यासी र विवेकी (ज्ञानी) दुवैको फल (मोक्ष) (योगका माध्यमबाट ज्ञान प्राप्त हुने हुनाले) समान हुन्छ इत्यादि विषय प्रतिपादित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१३) अद्वैतानन्दप्रकरणमा योगानन्द र आत्मानन्दमा अभेद, आनन्दबाट (ब्रह्मबाट) जगत्को उत्पत्ति, स्थिति र लय हुने हुनाले आनन्द घटका प्रति माटो जस्तै उपादान कारण, उपादान विवर्तिरूप (रज्जुमा प्रतीत सर्पको उपादान रज्जु), परिणामिरूप (दहीको उपादान दुध) र आरम्भिरूप (कपडाको उपादान तन्तु) गरी तीन प्रकारको, त्यसमा परिणामिरूप र आरम्भिरूप उपादानता निरंशमा सम्भव छैन, त्यसैले निरंश आनन्दको (मायाशक्तिका माध्यमले) विवर्तरूप कार्य जगत्, एउटा माटो जान्नाले जसरी सबै माटोका विकार (घट, सुराही इत्यादि माटै हुन् भन्ने) जानिन्छ त्यसै गरी एउटा ब्रह्म जानेपछि सम्पूर्ण कार्यरूप जगत् ब्रह्मभिन्न छैन भन्ने जानिन्छ, सच्चिदानन्दरूप ब्रह्मबाट मायाशक्तिका सहयोगले आकाशादिको सृष्टि, जगत् नाम-रूपात्मक, तिनको अभावमा सच्चिदानन्दरूप ब्रह्म निर्जगत् हुने हुँदा अद्वैतानन्दरूप हुन्छ इत्यादि विषय प्रतिपादित छन्।

(१४) विद्यानन्दप्रकरणमा विद्यानन्दको स्वरूप, १. दुःखाभाव, २. कामनाको प्राप्ति, ३. कृतकृत्यता र ४. प्राप्तव्यको प्राप्ति गरी विद्यानन्दको चतुष्प्रकारता, ऐहिक र पारलौकिक गरी दुःखको द्विप्रकारता र जीवको वास्तविक स्वरूपको ज्ञान गरेपछि उक्त दुःखको अभाव, ज्ञानीमा दुःखको कारणरूप कर्मको अभावका विषयमा श्रुति र स्मृति प्रमाण इत्यादि विषय प्रतिपादित छन्।

(१५) विषयानन्दप्रकरणमा विषयानन्द पनि ब्रह्मानन्दकै अंश भएकाले ब्रह्मज्ञानका लागि उपयोगी भएको कुरामा श्रुतिप्रमाणको उल्लेख; शान्त (सात्त्विक), घोर (राजस) र मूढ (तामस) तीन प्रकारका वृत्ति; घोर र मूढ वृत्तिमा मलिनता बढी हुने भएकाले ब्रह्मानन्दको प्रतिबिम्ब अस्पष्ट हुन्छ, शान्त वृत्तिमा भने थोरै मात्र मलिनता हुने हुनाले प्रतिबिम्ब स्पष्ट हुन्छ; अतः घोर र मूढ वृत्तिमा सुखको अनुभव हुँदैन, शान्त वृत्तिमा भने कहिले-काहिँ सुखको अतिशय पनि देखिन्छ; उक्त वृत्तिको उल्लेख ब्रह्मको ध्यानका लागि, घोर र मूढ वृत्तिमा ब्रह्मको ध्यान गर्दा दुःखलाई छोडेर सत् र चित्को मात्र ध्यान गर्नुपर्छ भने शान्त वृत्तिमा ध्यान गर्दा सत्, चित् र आनन्द तीनकै ध्यान गर्नुपर्छ; जसको निर्गुण ब्रह्मको ध्यानमा अधिकार हुँदैन उसको मिश्रब्रह्मको ध्यानमा अधिकार हुने हुनाले मिश्र-ब्रह्मकै ध्यान गर्नुपर्छ, ध्यानद्वारा चित्तको एकाग्रताको प्राप्ति हुन्छ र ब्रह्मविद्या स्थिर हुन्छ इत्यादि विषय प्रतिपादित छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. विद्यारण्यमुनिको परिचय

प्रस्तुत पञ्चदशीका रचयिता विद्यारण्य हुन्। उनले विभिन्न विषयमा अनेक ग्रन्थको रचना गरेका छन्। वेदान्तका ग्रन्थमा विवरण-प्रमेयसङ्ग्रह, पञ्चदशी, अनुभूतिप्रकाश, जीवन्मुक्तिविवेक, बृहदारण्यकवार्त्तिकसार; मीमांसामा जैमिनीयन्यायमालाविस्तर, व्याकरणमा माधवीयधातुवृत्ति, धर्मशास्त्रमा कालमाधव र पराशरमाधव, विभिन्न दर्शनको परिचय दिने सर्वदर्शनसङ्ग्रह इत्यादि ग्रन्थ विशेष प्रसिद्ध छन्। त्यसमा माधवीयधातुवृत्ति भने माधवका भाइ सायणको रचना भएको बुझिन्छ[१]।

१३३५–३६ क्रैस्ताब्दमा दक्षिण भारतको कर्णाटक प्रदेशको तुङ्गभद्रा नदीका समीपमा विजयनगर नामक राज्यको स्थापना गरी वीरबुक्कलाई राजा बनाएर माधवाचार्य मुख्यमन्त्री पदमा रहेका थिए। त्यसैले उनको देश कर्णाटक नै हो भन्ने बुझिन्छ। उनको समयमा विजयनगर राज्य निकै बलियो र समृद्ध भएको थियो। उनले आफ्ना भाइ सायणका नेतृत्वमा अनेक विद्वान्हरूको मण्डलीलाई चारै वेदको व्याख्या गर्न लगाएका थिए। उनका पिताको नाम मायण थियो भने माताको नाम श्रीमती थियो, सायण र भोगनाथ दुइ भाइ थिए। भारद्वाज कुलमा जन्मेका उनी बौधायनसूत्रानुयायी कृष्णयजुर्वेदी थिए। उनले पराशरमाधवमा आफ्नो परिचय दिएका छन्—

श्रीमती जननी यस्य सुकीर्तिर्मायणः पिता।
सायणो भोगनाथश्च मनोबुद्धी सहोदरौ॥
बोधायनं यस्य सूत्रं शाखा यस्य च याजुषी।
भारद्वाजं यस्य गोत्रं सर्वज्ञः स हि माधवः॥

माधवाचार्य नै सन्न्यासग्रहण गरेपछि विद्यारण्य नामले प्रसिद्ध भएका हुन्। वेदान्तका ग्रन्थ उनले सन्न्यासग्रहण गरेपछि रचना गरेको हुनाले विद्यारण्यका नाममा प्रसिद्ध छन् भने अन्य ग्रन्थ माधवाचार्यका नामले प्रसिद्ध छन्। उनी सन्न्यस्त भएपछि शृङ्गेरीमठका मठाधीश भएको कुरा इतिहासविद्हरू

---

१. तेन मायणपुत्रेण सायणेन मनीषिणा।
आख्यया माधवीयेयं धातुवृत्तिर्विरच्यते॥—माधवीयधातुवृत्ति, मङ्गलाचरण, श्लो.१३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बताउँछन्। उनको जीवनकाल सय वर्षभन्दा बढी थियो भन्ने अनुसन्धाताहरूको भनाइ देखिन्छ।

भगवद्दत्तले भने 'वैदिक वाङ्मय का इतिहास' भन्ने ग्रन्थमा माधवाचार्य र विद्यारण्य अलग-अलग व्यक्ति हुन् भन्ने कुरा लेखेका छन् (पृ. ५७–५८)।

विद्यारण्यका गुरुका नाममा शङ्करानन्द, भारतीतीर्थ र विद्यातीर्थ देखिन्छन्। उनले वेदान्तका ग्रन्थ विवरणप्रमेयसङ्ग्रहमा र पञ्चदशीमा शङ्करानन्दको नाम लिएका छन्। अतः शङ्करानन्द उनका सन्न्यासदीक्षा दिने गुरु हुन् भन्ने अनुसन्धाताहरूको भनाइ छ। जैमिनीयन्यायमालामा उनले भारतीतीर्थको नाम लिएका छन्। विद्यातीर्थ भने भारतीतीर्थका पनि गुरु भएको कुरा भारतीतीर्थको वैयासकन्यायमालाको मङ्गलाचरणबाट बुझिन्छ। अतः विद्यातीर्थ विद्यारण्यका परमगुरु (गुरुका गुरु) हुन् भन्ने बुझिन्छ। विवरणप्रमेयसङ्ग्रहको अन्त्यमा आएको **"यद् विद्यातीर्थगुरवे शुश्रूषाऽन्या न रोचते तस्माद्। अस्त्वेषा भक्तियुता श्रीविद्यातीर्थपादयोः सेवा"** भन्ने वचनबाट विद्यातीर्थबाट पनि विद्यारण्यले विद्या-ग्रहण गरेको बुझिन्छ।

विद्यारण्य विवरणप्रस्थानपरम्पराका हुन् भन्ने कुरा उनको विवरणप्रमेय-सङ्ग्रहबाट स्पष्ट हुन्छ। पञ्चदशीमा पनि उनले विवरणप्रस्थानअनुसारको प्रतिबिम्बवादको उल्लेख गरेका छन्– **"मायाबिम्बो वशीकृत्य तां स्यात् सर्वज्ञ ईश्वरः"** (पञ्चदशी १।१६)।

१२. प्रस्तुत व्याख्याको विशेषता

पंञ्चदशीको संस्कृत व्याख्यामा रामकृष्णव्याख्या विशेष प्रसिद्ध छ। यहाँ प्रस्तुत संस्कृत व्याख्यामा उक्त व्याख्याको विशेष सहयोग लिइएको छ। रामकृष्णव्याख्या संक्षिप्त भएकाले वेदान्तमा प्रवेश गर्न चाहनेहरूका लागि विषयहरू स्पष्ट नहुन सक्ने देखिन्छ। प्रस्तुत व्याख्यामा भने सरलार्थ छुट्टै दिएर व्याख्यामा यथासम्भव विषय स्पष्ट गर्ने प्रयास गरिएको छ। प्रस्तुत संस्कृत व्याख्यामा मूल श्लोकका सबै पदको अर्थ स्पष्ट गर्ने प्रयास गरिएको छ। पञ्चदशीका मूलमा प्रस्तुत विषयहरूको स्रोतका रूपमा रहेका उपनिषद्का वाक्यहरू यथासम्भव अन्वेषण गरी तत्तत् प्रसङ्गमा प्रस्तुत गरिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वसाधारण तथा छात्र-छात्राहरूका लागि पनि संस्कृत व्याख्या मात्र बुझ्न कठिन हुने हुँदा यहाँ नेपालीमा पनि व्याख्या गरी विषयहरू स्पष्टसँग बुझाउने प्रयास गरिएको छ। आवश्यक स्थलमा विशेष टिप्पणी पनि प्रस्तुत गरिएको छ। यसबाट वेदान्तमा प्रवेश गर्न चाहने जिज्ञासुहरूका लागि विषयहरू बुझ्न सजिलो हुने अपेक्षा गरिएको छ।

यहाँ प्रस्तुत भूमिकामा संक्षिप्तै भए पनि प्राच्य दर्शनहरूको परिचय र वेदान्तदर्शनको विशेष परिचय दिइएको छ। यसबाट वेदान्तदर्शनका मूलभूत विषयहरू आकलन गर्न जिज्ञासुहरूलाई सरल होला भन्ने दृष्टि राखिएको छ। यस प्रकरणको अभ्यास गर्न चाहनेहरूको सुविधाका लागि मूलपाठलाई छुट्टै पनि दिइएको छ। यस प्रकरणका श्लोकार्धहरूको अकारादि अनुक्रमणिका परिशिष्टमा प्रस्तुत गरिएको छ।

यहाँ अनेक प्रकारका त्रुटिहरू रहन गएका होलान्। विद्वान्हरूबाट ती त्रुटिहरूको निराकरण गर्न निर्देश हुनेछ भन्ने अपेक्षा गरिएको छ। यस संस्करण-बाट पाठकवर्गमा वेदान्तविषयक जिज्ञासा जगाउन र शान्त गर्न पनि थोरै भए पनि सहयोग पुग्नेछ भन्ने विश्वास लिइएको छ॥

वैदिक नववर्षारम्भदिन,
कलिसंवत् ५०७९
(२०७०।८।१८)

सुमोदवर्धन कौण्डिन्न्यायन
☎ ९८४३-०३५३९७, ९८०३४-३४२४६।
Email : sumodacharya@hotmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चदश्यास्तत्त्वविवेकप्रकरणमूलपाठः

नमः श्रीशङ्करानन्द-गुरुपादाम्बुजन्मने।
सविलास-महामोह-ग्राह-ग्रासैककर्मणे॥१॥

तत्पादाम्बुरुहद्वन्द्व-सेवा-निर्मलचेतसाम्।
सुखबोधाय तत्त्वस्य विवेकोऽयं विधीयते॥२॥

शब्दस्पर्शादयो वेद्या वैचित्र्याज् जागरे पृथक्।
ततो विभक्ता तत्संविदैकरूप्यान् न भिद्यते॥३॥

तथा स्वप्नेऽत्र वेद्यं तु न स्थिरं जागरे स्थिरम्।
तद्भेदोऽतस्तयोः संविदेकरूपा न भिद्यते॥४॥

सुप्तोत्थितस्य सौषुप्ततमोबोधो भवेत् स्मृतिः।
सा चाऽवबुद्धविषयाऽवबुद्धं तत् तदा तमः॥५॥

स बोधो विषयाद् भिन्नो न बोधात् स्वप्नबोधवत्।
एवं स्थानत्रयेऽप्येका संवित् तद्वद् दिनान्तरे॥६॥

मासाब्दयुगकल्पेषु गतागम्येष्वनेकधा।
नोदेति नाऽस्तमेत्येका संविदेषा स्वयम्प्रभा॥७॥

इयमात्मा परानन्दः परप्रेमास्पदं यतः।
मा न भूवं हि भूयासमिति प्रेमाऽऽत्मनीक्ष्यते॥८॥

तत् प्रेमाऽऽत्मार्थमन्यत्र नैवमन्यार्थमात्मनि।
अतस् तत् परमं तेन परमानन्दतात्मनः॥९॥

इत्थं सच्चित्परानन्द आत्मा युक्त्या तथाविधम्।
परं ब्रह्म तयोश्चैक्यं श्रुत्यन्तेषूपदिश्यते॥१०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभाने न परं प्रेम भाने न विषये स्पृहा।
अतो भानेऽप्यभाताऽसौ परमानन्दताऽऽत्मनः ॥११॥

अध्येतृवर्गमध्यस्थपुत्राध्ययनशब्दवत्।
भानेऽप्यभानं भानस्य प्रतिबन्धेन युज्यते ॥१२॥

प्रतिबन्धोऽस्तिभातीतिव्यवहारार्हवस्तुनि।
तं निरस्य विरुद्धस्य तस्योत्पादनमुच्यते ॥१३॥

तस्य हेतुः समानाभिहारः पुत्रध्वनिश्रुतौ।
इहाऽनादिरविद्यैव व्यामोहैकनिबन्धनम् ॥१४॥

चिदानन्दमयब्रह्मप्रतिबिम्बसमन्विता।
तमोरजःसत्त्वगुणा प्रकृतिर् द्विविधा च सा ॥१५॥

सत्त्वशुद्ध्यविशुद्धिभ्यां मायाऽविद्ये च ते मते।
मायाबिम्बो वशीकृत्य तां स्यात् सर्वज्ञ ईश्वरः ॥१६॥

अविद्यावशगस्त्वन्यस् तद्वैचित्र्यादनेकधा।
सा कारणशरीरं स्यात् प्राज्ञस्तत्राऽभिमानवान् ॥१७॥

तमःप्रधानप्रकृतेस् तद्भोगायेश्वराज्ञया।
वियत्-पवन-तेजो-ऽम्बु-भुवो भूतानि जज्ञिरे ॥१८॥

सत्त्वांशैः पञ्चभिस्तेषां क्रमाद् धीन्द्रियपञ्चकम्।
श्रोत्र-त्वगक्षि-रसन-घ्राणाख्यमुपजायते ॥१९॥

तैरन्तःकरणं सर्वैर् वृत्तिभेदेन तद् द्विधा।
मनो विमर्शरूपं स्याद् बुद्धिः स्यान् निश्चयात्मिका ॥२०॥

रजोंशैः पञ्चभिस्तेषां क्रमात् कर्मेन्द्रियाणि तु।
वाक्-पाणि-पाद-पायूपस्थाभिधानानि जज्ञिरे ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तैः सर्वैः सहितैः प्राणो वृत्तिभेदात् स पञ्चधा।
प्राणोऽपानः समानश्चोदानव्यानौ च ते पुनः ॥२२॥

बुद्धिकर्मेन्द्रियप्राणपञ्चकैर् मनसा धिया।
शरीरं सप्तदशभिः सूक्ष्मं तल् लिङ्गमुच्यते ॥२३॥

प्राज्ञस् तत्राऽभिमानेन तैजसत्वं प्रपद्यते।
हिरण्यगर्भतामीशस् तयोर् व्यष्टिसमष्टिता ॥२४॥

समष्टिरीशः सर्वेषां स्वात्मतादात्म्यवेदनात्।
तदभावात् ततोऽन्ये तु कथ्यन्ते व्यष्टिसंज्ञया ॥२५॥

तद्भोगाय पुनर् भोग्यभोगायतनजन्मने।
पञ्चीकरोति भगवान् प्रत्येकं वियदादिकम् ॥२६॥

द्विधा विधाय चैकैकं चतुर्धा प्रथमं पुनः।
स्वस्वेतर-द्वितीयांशैर् योजनात् पञ्च पञ्च ते ॥२७॥

तैरण्डस् तत्र भुवनं भोग्यभोगाश्रयोद्भवः।
हिरण्यगर्भः स्थूलेऽस्मिन् देहे वैश्वानरो भवेत् ॥२८॥

